अखिल भारतीय तृणमूल कांग्रेस

घोषणा पत्र २०२६





सर्वभारतीय तृणमूल कांग्रेस

घोषणा पत्र, २०२६

अपील

मेरा प्यारा राज्यवासीहरू,

म मेरो भाषण गहिरो प्रतिबद्धता, ईमानदारीपूर्वक र हार्दिक कृतज्ञताका साथ शुरू गर्दछु। विगत पन्ध्र वर्षदेखि तपाईंले हामीप्रति राख्नुभएको विश्वास नै हाम्रो सबैभन्दा ठूलो शक्ति र हाम्रो सबैभन्दा ठूलो जिम्मावारी हो। जब तृणमूल कंग्रेसले पश्चिम बंगालको जिम्मावारी लिएको थियो तब हाम्रो एउटा दृढ़ विश्वास थियो; प्रशासन जनताको सेवक हुनुपर्छ र जनताको कल्याण र राज्यको विकास अलग-अलग मुद्दा होइनन्, बरु दुवै मिलाएर एउटै अविभाज्य उद्देश्य हो।

तपाईंहरूको आशीर्वादलाई शिरोपर गरी हामीले त्यो विश्वासलाई सम्मान गरेका छौं। जनता र सरकार एक-अर्कालाई विश्वास गर्दै सँगै हिँड्दा के-के गर्न सम्भव छ - आजको 'बंगाल मोडल' त्यसैको एउटा ज्वलन्त उदाहरण हो। मानिसलाई अधिकार दिने प्रशासनले कस्तो असाधारण सफलता प्राप्त गर्न सक्छ भनी देशभरिका अन्य राज्यहरूले अहिले बंगाललाई हेरिरहेका छन्। पछिल्लो १५ वर्षमा बंगालमा पूर्ण रूपान्तरण भएको छ। आज प्रत्येक व्यक्ति सम्मानका साथ बाँच्दछ, परिवारहरूले विपदको समयमा सुरक्षा पाउँदछन्, प्रत्येक क्षेत्रमा आवश्यक सुयोग-सुविधाहरू पुगेका छन् अनि राज्यको प्रत्येक क्षेत्र नयाँ जीवन अनि सम्भावनाहरूले स्फुरित भएको छ।

म तपाईंलाई वाचा गर्दछु, विकासको यो यात्रा कुनै प्रकारले पनि रोकिने छैन। यसरी नै बंगाल अगाड़ि बढ्नेछ।

सधैं जस्तै यसपालि पनि मैले तपाईंहरूलाई 'उन्नयनेर पाँचाली' (विकासको गाथा)-को रूपमा हाम्रो कामको पूर्ण विवरण प्रस्तुत गरेको छु। हामी एकसाथ मिलेर जे आर्जन गर्न सक्षम भएका छौं, सोबारे म तपाईंहरूलाई अत्यन्तै गर्व र विनम्रताका साथ जनाउन चाहन्छु।

पश्चिम बंगाल आज भारतको विकासका एउटा प्रमुख चालकशक्ति हो। हामी एउटा अभूतपूर्व आर्थिक वृद्धि प्राप्त गरी देशको छैटौं ठूलो अर्थतन्त्र बनेका छौं। हामीले १.७२ करोड़ मानिसहरूलाई गरीबीबाट मुक्त गरेका छौं अनि उनीहरूलाई त्यो सम्मान फर्काएका छौं, जो प्रत्येक नागरिकको जन्मसिद्ध अधिकार हो। हामीले राज्यभरि २ करोड़ नयाँ रोजगारका अवसरहरू सिर्जना गरेका छौं र बेरोजगारी ४० प्रतिशतले घटेको छ।

हामीले प्राथमिक तहमा नै कुनै पनि बालक-बालिका विद्यालय शिक्षाबाट वञ्चित नहुने कुरा सुनिश्चित गरेका छौं। हाम्रो पुरस्कार विजेता कन्याश्री योजनाअन्तर्गत १ करोड़भन्दा बढ़ी बालिकाहरूले आफ्नो विद्यालय शिक्षा पूरा गरिसकेका छन्; जसलाई अहिले विश्वव्यापी रूपमा मान्यता प्राप्त छ। 'सबुज साथी' (हरियो साथी) योजना मार्फत निःशुल्क साइकल प्रदान गर्नाले १.४४ करोड़ विद्यार्थीहरूलाई जीवनमा नयाँ उत्साह प्राप्त भएको छ। ऐक्यश्री, मेधाश्री र शिक्षाश्री छात्रवृत्तिले साँच्चै शिक्षालाई सबैका लागि पहुँचयोग्य बनाएको छ, जसले गर्दा कुनै पनि बालक-बालिका आर्थिक वा वरिपरिका दबाउका कारण पछाड़ि नपरून्।

आज पश्चिम बंगालमा कुनै पनि परिवारले चिकित्सा खर्चको चिन्ता लिनु पर्दैन। स्वास्थ्य साथी योजनाले २.४५ करोड़ परिवारलाई नगदरहित चिकित्सा सेवा प्रदान गरिरहेको छ। पहिले बंगालमा लोडशेडिङको समस्या थियो। त्यहाँबाट हामीले बंगाललाई यस्तो राज्यमा रूपान्तरण गरेका छौं, जहाँ अब आवश्यकताभन्दा बढ़ी बिजुली उत्पादन हुँदछ। २०१९ सालसम्ममा हामीले १०० प्रतिशत विद्युतीकरण पूरा गरिसकेका थियौं। लगभग १ करोड़ परिवारले आफ्नै पक्की घर पाएका छन् अनि पाइपलाइन मार्फत तिनीहरूको घरमा फिल्टर गरिएको खानेपानी जड़ान गरिएको छ। हामीले १,८३,००० किलोमिटरभन्दा बढ़ी सड़कहरू निर्माण गरेका छौं, जसले एकदमै दुर्गम क्षेत्रहरूमा पनि सम्पर्क व्यवस्थालाई सहज बनाएको छ।

दुआरे सरकार (दैलोमा सरकार) मार्फत प्रशासनको काम अब तपाईंको ढोकामा पुग्छ। हाम्रो टोल हाम्रो समाधान अनि सोझै मुख्यमन्त्रीमार्फत तपाईंको सल्लाहले नै हामीलाई सरकारी नीति निर्माणमा सहायता गर्दछ। कृषक बन्धु (नयाँ) अन्तर्गत १.१० करोड़ कृषकलाई सहयोग गरिएको छ अनि १.१३ करोड़ कृषकहरूले बंगाल बाली बीमामार्फत आफ्नो बालीको सुरक्षा पाएका छन्। एउटै जमीनमा बारम्बार बाली लगाउने र धान उत्पादन गर्ने कुरामा बंगाल आज देशमै पहिलो स्थानमा छ। हामीले जुट र चिया उत्पादनमा पनि सबैलाई पथप्रदर्शन गरिरहेका छौं। अन्न भण्डारणका लागि हाम्रो शीतभण्डार प्रणाली देशमैं सबैभन्दा उत्कृष्ट छ।

पूर्वाधार विकास सँगसँगै हामीले बंगालको संस्कृतिलाई पनि समृद्ध बनाएका छौँ। युनेस्को-ले दुर्गा पूजालाई मानवताको प्रतीकको रूपमा मान्दै यसलाई सांस्कृतिक धरोहरको रूपमा मान्यता दिनु हाम्रा लागि ठूलो गर्वको कुरा हो गहिरो भक्ति र जतनका साथ हामीले दिघामा जगन्नाथ धाम, न्यूटाउनमा दुर्गा अंगन अनि मतिगढ़ामा महाकाल मन्दिर स्थापना गरेका छौँ। आज कलकत्ताको बड़ादिनले विश्वका विभिन्न भागका मानिसहरूलाई एउटै ठाउँमा एकत्रित गर्दछ। हाम्रो राज्यका अन्य चाँड़-पर्वहरू जस्तै यहाँ ईद र मुहर्रम पनि ठूलो सम्मानका साथ पालन गरिन्छ।

बंगाल संस्कृति, धर्म र भाषाहरूको एउटा दुर्लभ र जीवन्त मिश्रण हो। हामीले यस विविधताको प्रत्येक पक्षलाई सम्मान गर्न हामीले आप्राण प्रयास गरेका छौँ। सौँताली, कुरुख, कुड़माली, राजवंशी, कामतापुरी, हिन्दी, उर्दू, तेलुगु, उड़िया, नेपाली र पञ्जाबी भाषाहरूले अहिले बंगालासँगै आधिकारिक भाषाको दर्जा पाएका छन्। यस सर्वस्वीकृतिले प्रत्येक समुदाय यस राज्यको अभिन्न अंग हो र यहाँ सबैको कुराको समान मूल्य छ भनी प्रमाणित गर्दछ।

म तपाईँहरूलाई वाचा गर्दछु कि यसरी नै बंगालले सबैलाई बाटो देखाउनेछ र आउँदो पाँच वर्षमा हाम्रो राज्यको एकजना पनि व्यक्ति विकासको उज्यालोबाट वञ्चित हुनेछैन।

यस पवित्र भूमिका धारक र वाहकहरूको महान आदर्शबाट म प्रत्येक दिन प्रेरित हुँदछु र मेरो शिर झुकाउँदछु। कवि रवीन्द्रनाथ ठाकुर, नेताजी सुभाषचन्द्र बोस, ऋषि बंकिमचन्द्र चट्टोपाध्याय, श्री श्री ठाकुर रामकृष्ण परमहंस देव, श्रीमा शारदा देवी, महान् स्वामी विवेकानन्द, पण्डित ईश्वरचन्द्र विद्यासागर, नवजागरणका नेता राजा राममोहन राय, प्रसिद्ध कवि माइकल मधुसुदन दत्त, विद्रोही कवि काजी नजरुल इस्लाम, रायसाहेब ठाकुर पञ्चानन वर्मा, संविधानका प्रणेता बाबासाहेब अम्बेडकर, श्री श्री हरिचाँद ठाकुर, श्री श्री गुरुचाँद ठाकुर, भगवान बिरसा मुण्डा, भाषाविद् पण्डित रघुनाथ मुर्मु, राष्ट्रपिता महात्मा गान्धी, सौँताल विद्रोहका प्रवर्तक सिद्धु-कान्हु, गुरु नानक, ऋषि अरविन्द घोष, सर प्रफुल्ल चन्द्र रोय, प्रख्यात वैज्ञानिक जगदीश चन्द्र बसु, वैज्ञानिक सत्येन्द्रनाथ बसु, देशबन्धु चित्तरञ्जन दास, वीर क्रान्तिकारी रास बिहारी बसु, महान शहीद मातंगिनी हाजरा, वीर संग्रामी मास्टर दा सूर्य सेन, महान क्रान्तिकारी प्रीतिलता अनि जाद्देदार, वीर मुक्तियोद्धा खुदीराम बसु अनि अन्य यस्ता असंख्यौँ मानिसहरू जसले न्याय, सम्मान अनि स्वतन्त्रताका लागि आफ्नो जीवन बलिदान दिएका छन्।

म यस क्रान्तिकारी माटोमा जन्मिएँ। यस मातृभूमिकी छोरीको रूपमा मैले मेरो जीवनको प्रत्येक सास यस भूमिको सेवा गर्न, यस महान भूमिका मानिसहरूको रक्षा गर्न र यसको सांस्कृतिक मूल्य-मान्यताको संरक्षण गर्न उत्सर्ग गरेकी छु।

हामी संघीय लोकतन्त्रमा बस्छौँ, जहाँ केन्द्र अनि राज्यहरू एक-अर्काका सहयोगी हुँदछन्। संविधानअनुसार यो सम्बन्ध पारस्परिक सम्मान अनि एक-अर्कामा जिम्मावारी बाँड़फाँड़मा निर्माण हुनुपर्छ तर यो हाम्रो दुर्भाग्य हो कि केन्द्र सरकारले यस सहयोगिताको मानसिकतालाई बारम्बार तोड़ेको छ। उनीहरूले राष्ट्रिय हितमा होइन तर बंगालमा सत्ता कब्जा गर्न नसकेकोमा निराश भएर त्यसो गरेका हुन्।

उनीहरूले दिल्लीका जमीनदारहरू जस्तै व्यवहार गरे। हाम्रो साहस देखेर तिनीहरू डराएका छन्, तिनीहरू हाम्रो प्रगतिको ईर्ष्या गर्छन्, तिनीहरूले नियन्त्रण गर्न नसक्ने कुरालाई नष्ट गर्ने प्रयास गरेका छन्। राजनीतिक रूपमा लड़न वा लोकतान्त्रिक माध्यमबाट बंगालका जनताको माया र विश्वास जित्न असमर्थ भाजपाको नेतृत्वमा रहेको केन्द्र सरकारले बंगालको लगभग २ लाख करोड़ रुपियाँ रोकेको छ, जुन यसको उचित बक्यौता हो। यसको फलस्वरूप गरीब र असहाय जनता आफ्नो कड़ा परिश्रमले कमाएको ज्याला, टाउकोमा छाना, सड़क र खानेपानी जस्ता आधारभूत अधिकारबाट वञ्चित भएका छन्। हामीले देखेका छौँ कि उनीहरूले कसरी बंगालको जनताको मतदान अधिकार खोस्ने प्रयास गरेका छन्, हाम्रो भाषामा कुरा गर्नुलाई अपराधको दृष्टिले हेरेका छन्, हाम्रा नागरिकहरूप्रति आक्रमण गरेका छन्। उनीहरूले हाम्रा मनिषीहरूको अपमान गरेका छन् र हामीलाई आफ्नै माटोमा विदेशी वा वहिष्कृत बनाउने प्रयास पनि गरेका छन्। एसआईआर प्रक्रियामा विशेष एउटा विशेष कालो अध्याय छ। यो एकजना साधारण मतदातालाई सूचीबाट हटाउने सुनियोजित षड्यन्त्र हो। यसको फलस्वरूप, १६० भन्दा बढ़ी मानिसहरूले आफ्नो ज्यान गुमाएका छन्। साधारण मतदाताहरू आतंकित छन्। वृद्ध-वृद्धा र विरामीहरूलाई लाइनमा उभिन बाध्य गरिएको छ। सीमान्तकृत र पछाड़िएका मानिसहरूलाई ठूलो संख्यामा मतदाता सूचीबाट हटाइएको छ अनि यी सबैको एक मात्र उद्देश्य सुनियोजित ढंगमा चुनाउ परिणामलाई आफ्नो पक्षमा ल्याउनु थियो।

उनीहरूलाई थाहा छ कि तपाईंहरूको समर्थन उनीहरूसँग छैन। त्यसैले उनीहरूले मतदाताको रूपमा तपाईंको अस्तित्व मेटाउन् खोजेका छन्। अब उनीहरूबाट जवाफ माग्ने समय आएको छ। उनीहरूलाई दृढ़तापूर्वक र स्पष्ट रूपमा सम्झाउने समय आएको छ कि गणतन्त्र कुनै मशिन होइन, जसलाई उनीहरूले चाहेअनुसार चलाउन सक्छन्। गणतन्त्र जनताको इच्छा हो। यसलाई चोरी गर्न सकिँदैन। यसलाई कारखानामा उत्पादन गर्न सकिँदैन। जनताको मन जितेर नै यसलाई आर्जन गर्नुपर्छ।

तृणमूल कांग्रेसको एउटै मात्र लक्ष्य थियो, सबैभन्दा पहिला बंगाल। जब विभाजन र आतंक सृष्टिकारी शक्तिहरूले हाम्रो राज्यमा आक्रमण गरे, तब हामी मातृभूमिका सिपाहीहरूको रूपमा दृढ़तापूर्वक उभियौँ। हामी संसद र सड़कमा बंगालको अधिकारका लागि लड्यौँ। जब केन्द्रले पुरानो सुरक्षा व्यवस्था हटायो, हामीले नयाँ सुरक्षाकवच निर्माण गर्यौँ। हामीले मानिसको कल्याण र विकासलाई एउटै धागोमा बुन्न दिनरात बिना विश्राम काम गर्यौँ।

विगत पन्ध्र वर्षदेखि, हामीले विकासलाई बंगालको सार्वजनिक जीवनको एकदमै केन्द्रविन्दुमा ल्याएका छौँ। आउँदो पाँच वर्षको लक्ष्य बंगाललाई साँच्चै 'आत्मनिर्भर' बनाउनु हो ताकि दिल्लीका कुनै पनि जमीनदारले अब कहिले पनि हाम्रो उचित बक्यौता रोकेर हामीलाई सजाय दिने सपना पनि देख्न नसकोस्।

तपाईंले मलाई सौझै मुख्यमन्त्रीमार्फत फोन गर्नुभयो, मैले तपाईंको कुरा सुनेँ। जब म बंगालमा थिएँ, जब मैले बंगालको प्रत्येक क्षेत्र घुमेँ, तब तपाईंहरू मलाई भेट्न आउनु भएको छ र मसँग सीधै कुरा गर्नुभएको छ। हाम्रो टोल, हाम्रो समाधान शिविरहरूमा तपाईंहरूले मेरा अधिकारीहरूलाई आफ्ना विचारहरू व्यक्त गर्नुभएको छ र त्यसको प्रत्येक शब्द मसम्म पुगेको छ। तपाईंले मेरो पार्टीका नेताहरूलाई पनि आफ्ना आशा र आकांक्षाहरू व्यक्त गर्नुभएको छ, उनीहरूले सबै कुरा सुने, महत्त्व दिए अनि ती कुराहरू मसम्म पुग्नपर्ने सुनिश्चित गरे।

तपाईंहरूले भनेको एउटा शब्द पनि मैले हल्का रूपमा लिएको छुइनँ। तपाईंहरूले बताउनु भएको प्रत्येक समस्या, प्रत्येक माग, प्रत्येक सपना मैले मेरो हृदयमा राखेकी छु, तीबारे गहिरो सोचेकी छु र आफैलाई सोधेकी छु : म यो विश्वासलाई कसरी मर्यादा दिनु? यसको उत्तर मेरो अगाड़िको यो रूपरेखा हो। बंगालका मानिसहरूका लागि मैले मेरा दश आश्वासनहरू यहाँ राखेकी छु। मेरो दशवटा प्रतिज्ञा। यीहरू प्रत्येकका लागि म सम्पूर्ण जिम्मावारी व्यक्तिगत रूपमा लिँदछु। यी प्रत्येक आश्वासनहरू आउँदो पाँच वर्षभित्र वास्तविकतामा परिणत हुनेछन्। म वाचा गर्दछु।

म बंगालको लक्ष्मी भण्डार अक्षय रहोस् भन्ने कुरा सुनिश्चित गर्नेछु। हाम्रो प्रमुख परियोजनाहरूमध्ये एउटा लक्ष्मी भण्डारमा सबै क्षेत्रका महिलाहरूका लागि ५०० रुपियाँ वृद्धि गरिएको छ।

बंगालका कृषकहरूको हितका लागि म कृषि र सम्बद्ध क्षेत्रहरूलाई प्राथमिकता दिने, कृषकहरूको आय बढ़ाउने, पूर्वाधारलाई सुदृढ़ पार्ने र कृषि श्रमिकहरूलाई विशेष आर्थिक सहयोग प्रदान गर्न एउटा छुट्टै कृषि बजेट प्रस्तुत गर्ने प्रतिज्ञा गर्दछु। कामको खोजीमा रहेका युवाको संघर्ष र तिनीहरूको परिवारमा पर्ने चिन्ताहरू म बुझ्छु। म बंगालका प्रत्येक युवालाई यो थाहा होस् भन्ने चाहन्छु कि उनीहरूको पक्षमा उनीहरूको सरकार छ? बंगालको युवा साथी परियोजनामार्फत राज्यका २१ देखि ४० वर्ष उमेर समूहका विद्यार्थीहरू, प्रत्येक शिक्षित बेरोजगार युवालाई लगातार पाँच वर्षसम्म प्रतिमहीना १,५०० रुपियाँ गरेर दिइनेछ।

म बंगालमा यो कुरा सुनिश्चित गर्नेछु कि जहाँ कुनै पनि परिवार रस्तों हुनुहुँदैन, जसको टाउको लुकाउने सम्मानजनक ठाउँ छैन। प्रत्येक घरमा पाइपलाइन मार्फत कार्यरूपमा खानेपानी जड़ान भएको हुनुपर्ने म सुनिश्चित गर्नेछु।

म प्रत्येक घरको ढोकामा चिकित्सा सेवा पुर्याई दिनेछु। प्रत्येक वर्ष ब्लक/शहरस्तरमा स्वास्थ्य शिविरहरू आयोजना गरिछ ताकि बंगालका मानिसहरू राम्रो उपचारका लागि टाढ़ा जान नपरोस्। राज्यका प्रत्येक सरकारी विद्यालयलाई पूर्णरूपमा स्तरोन्नति गरिनेछ। बंगाललाई पूर्वी भारतको व्यापारको प्रवेशद्वारको रूपमा निर्माण गर्नु नै मेरो लक्ष्य हो। यसको जग पहिले नै तयार भइसकेको छ। आउँदा वर्षहरूमा हामी उद्योगका लागि तयार पूर्वाधारको उपयोग गर्दै पूर्वी भारतको व्यापारका लागि स्वाभाविक व्यापार मार्गको रूपमा बंगालको पूर्ण सम्भावनालाई

हामी वास्तविक रूप दिनेछौँ। म बंगालभरि २५ नयाँअत्याधुनिक मोडल शहरहरू निर्माण गरिने सुनिश्चित गर्नेछु ताकि शहरीकरणको वाचा राज्यको प्रत्येक कुनामा पुगोस्। प्रशासनलाई मानिसको अझै छेउमा लैजान अनि कुनै पनि समुदाय प्रशासनिक सुविधाबाट वञ्चित नहोस् भन्ने सुनिश्चित गर्न म भौगोलिक पुनर्गठनमार्फत समग्र राज्यलाई सामग्रिक रूपमा नयाँ प्रकारले सजाएर ७ वटा नयाँ जिल्लाहरू सिर्जना गर्नेछु र नगरपालिकाहरूको संख्या बढ़ाउनेछु।

आज म जुन वाचा गर्दैछु त्यो खोक्रो वाचा होइन। यो विगत पन्ध्र वर्षको प्रमाणित काम, हाम्रो कड़ा संघर्षको क्षमता र तपाईंको विश्वासको मर्यादालाई आधार गरेर नै यो आश्वासन तयार गरिएको हो। हामीले विशेषज्ञहरूको एउटा टोलीसँग कुराकानी गरेका छौँ, जसले तपाईंहरूको दैनिक जीवनका वास्तविक अभिज्ञताहरूलाई काममार्फत कसरी समाधान गर्न सकिन्छ भन्ने दिशामा काम गरेका छन्। हामी अविचल थियौँ अनि यसपटक हामी आत्मनिर्भर हुनेछौँ। भारतको प्रत्येक राज्य अनि बाहिरको दुनियाँलाई कनि बंगालले बाटो देखाउनेछ। जन कल्याणकारी कार्यले आर्थिक वृद्धिलाई गति दिनेछ अनि त्यही वृद्धिले फेरि जन कल्याणलाई अझै बलियो बनाउँदछ भन्ने हामी प्रमाणित गर्नेछौँ।

म, ममता ब्यानर्जी , बंगालका आमा-माटो अनि मानिसलाई अपील गर्दछु कि जोड़ी फूल चिन्ह भएको बटन थिचेर आफ्नो बहुमूल्य भोट दिनुहोस्। तृणमूल कंग्रेसलाई भोट दिनुहोस्। बंगालका रक्षकहरूलाई भोट दिनुहोस्।

हामीलाई एकपटक होइन, दुईपटक होइन तर बारम्बार धोखा दिनेहरूविरुद्ध हामी दृढ भएर उभिनुपर्छ। बंगालको शान्ति, सद्भाव र मौलिक जगको रक्षा गर्न हामीले यो लडाईं जित्नुपर्छ। आउँदो पाँच वर्षमा म हाम्रा सपनाहरूलाई वास्तविकतामा परिणत गर्ने प्रतिज्ञा गर्दछु। बंगालले चिरकालदेखि यसका सन्तानहरूको मनमा जुन प्रेम र भक्ति जगाएको छ, त्यही प्रेम अनि भक्तिका साथ म यस माटोको सेवा गर्नेछु।

बंगालको स्वार्थका लागि त्यही भविष्य छनौट गर्नुहोस्, जिले हाम्रो मातृभूमिको महिमालाई माथि उचाल्नेछ। ती विश्वासी रक्षकहरूलाई छनौट गर्नुहोस्, जो सबै आपद-विपदमा यस राज्यसँग खड़ा भएका छन्। चौथोपटकका लागि तृणमूल कंग्रेसलाई छनौट गर्नुहोस्।

जय हिंद! जय बांग्ला! जय माँ-माटी-मानुष!



ममता ब्यानर्जी



बंगालका लागि दिदीका १० प्रतिज्ञा



लक्ष्मीहरुको विजय, आत्मनिर्भरता अक्षय

लक्ष्मी भण्डारमा मासिक ₹ ५०० को वृद्धि - साधारण महिलाहरूका लागि ₹१,५०० (वार्षिक ₹१८,०००) र अनुसूचित जाति/जनजाति महिलाहरूका लागि ₹१,७०० (वार्षिक ₹२०,४००)।

युवाहरुको साथमा, जीविकोपार्जनको आश्वासनसहित



बेरोजगार युवाहरूका लागि 'बंगालको युवासाथी' परियोजनाअन्तर्गत मासिक ₹१,५०० (वार्षिक ₹१८,०००) आर्थिक सहयोग



बजेटमा कृषि, कृषकको मुस्कान

कृषक परिवारहरूलाई अविरल सहयोग, भूमिहीन कृषकहरूलाई आर्थिक सहयोग र बंगाल कृषि क्षेत्रको समग्र विकासका लागि ₹ ३०,००० करोड़ रुपियाँको कृषि बजेट।

निश्चित वासस्थान, चिन्ताको अवसान



बंगालका सबै परिवारका लागि निश्चित पक्का घर




घर-घरमा नल, स्वच्छ खानेपानी

बंगालका सबै घरहरूमा पाइपलाइन मार्फत शुद्ध खानेपानी पुऱ्याउने लक्ष्य छ

बंगालमा सबैका लागि सुस्वास्थ्यको अधिकार

प्रत्येक वर्ष प्रत्येक ब्लक र शहरमा आयोजना गरिने दैलोमा चिकित्सा शिविरहरूले प्रभावकारी स्वास्थ्य सेवाहरू तपाईंको ढोकामा पुऱ्याउनेछन्





शिक्षा नै धन हो, भविष्य सुरक्षित

बंगालको शिक्षायतन-अन्तर्गत सबै सरकारी विद्यालयहरूको सामग्रिक पूर्वाधारगत विकास

पूर्वीय व्यापारको कर्णधार, बंगाल नै मार्गदर्शक

विश्वस्तरीय व्यवस्थापन, बन्दरगाह, व्यापार पूर्वाधार अनि अत्याधुनिक ग्लोबल ट्रेड सेण्टर-को साथ बंगाल पूर्वी भारतमा व्यापारको प्रवेशद्वार बन्नेछ।





वरिष्ठजनको छेउमा, हेरचाहको आश्वासनसहित

'वर्तमानमा सबै लाभार्थीहरूका लागि निर्बाध वृद्धावस्था भत्ताको सहयोग सुनिश्चित गर्नु सँगसँगै बिस्तारै-बिस्तारै यस भत्ताको परिधिलाई अझ सम्प्रसारित गरेर सबै वरिष्ठ नागरिकहरूलाई यसअन्तर्गत ल्याइनेछ

प्रशासनिक सुविधाहरुमा, बंगालमा नयाँ क्षितिज

७ वटा नयाँ जिल्ला निर्माण; समग्र भौगोलिक पुनर्संरचनामार्फत नगरपालिकाको संख्यामा वृद्धि



केन्द्रको भाजपा सरकारले राज्यको उचित बक्यौता रोकेर बंगालको जनतालाई धोखा दिइरहेको छः

केन्द्रको भाजपा सरकारले गरेको आर्थिक अनि विकासमूलक विश्वासघात

» केन्द्र सरकारसमक्ष बंगालको लगभग २ लाख करोड़ रुपैयाँ बक्यौता छ अनि उनीहरूले महत्त्वपूर्ण जनकल्याणकारी र विकासमूलक कार्यक्रमहरूका लागि आवण्टन रोकेर राखेका छन्:

१०० दिनको काम
(मनरेगा)
३६,०९५ करोड़ रुपियाँ

ग्रामीण सड़कहरू
२,७२४.११ करोड़ रुपियाँ

ग्रामीण आवास
१६,१३४.०८ करोड़ रुपियाँ

खानेपानी
९९७.९० करोड़ रुपियाँ

» यीबाहेक पनि महिला तथा बाल कल्याण, पछौटेवर्ग कल्याण, नगर विकास, जनस्वास्थ्य इञ्जिनियरिङ र सिँचाइलगायत अन्य महत्वपूर्ण क्षेत्रहरूका लागि पनि केन्द्र सरकारबाट रकम पाउन बाँकी छ।

» उनीहरूले खाद्य सब्सिडी खातामा ११,७५०.१९ करोड़ रुपियाँ, विद्यालय शिक्षाका लागि १९,०४५.१५ करोड़ रुपियाँ, स्वास्थ्य तथा परिवार कल्याणका लागि ७,०१०.४५ करोड़ रुपियाँ र ग्रामीण विकासका लागि १५,२१५.२९ करोड़ रुपियाँको कोष रोकेका छन्। यीहरू कतिपय खाताका उदाहरण मात्र हुन्।

» यसैबीच, दामोदर भ्याली कॉर्पोरेशन (DVC) - ले जस्तो प्रकारले पानी छोड्ने गर्दछ, त्यसको कारण बंगालमा लगभग प्रत्येक वर्ष बाढ़ी आउने गर्दछ, जबकि केन्द्र सरकारले राज्यलाई ४०० करोड़ रुपियाँभन्दा

धेर बाढ़ी त्राण प्रदान गर्न अस्वीकार गरेको छ।

» बुलबुल, अम्फान र यास चक्रवातबाट प्रभावित मानिसहरूलाई सहयोग गर्न केन्द्र सरकारसँग अझै ४३,५०९ करोड़ रुपियाँ बक्यौता छ।

भाजपाको राजनीतिक र सांस्कृतिक विश्वासघात

» आर्थिक वञ्चनाबाहेक पनि भाजपाले बंगालको गणतान्त्रिक अधिकार, सांस्कृतिक पहिचान र सामाजिक स्थिरतालाई कमजोर पार्न खोजेको छ।


» उनीहरूले हाम्रा वरण्य व्यक्ति र मनिषीहरूका मूर्तिहरू बारम्बार तोड़फोड़ गरेका छन्, उनीहरूको नाउँको विकृत उच्चारण गरेका छन्। हाम्रा प्रिय कवि र उपन्यासकारहरूका कृतिहरूबाट भूल उद्धृत गरेर, राज्यको भाषिक र सांस्कृतिक गौरवप्रतिको आफ्नो अवज्ञा प्रदर्शन गरेर बंगालको सांस्कृतिक सम्पदामा आक्रमण गरेका छन्।

» बंगाली आप्रवासी श्रमिकहरूले धेरै भाजपाशासित राज्यहरूमा शत्रुता र भेदभावको सामना गर्नु परेको छ अनि तिनीहरूलाई उच्छेद गरिएको छ, जसको परिणामस्वरूप उनीहरू आफ्नो काम र रोजगार गुमाउन बाध्य भएका छन्।

» भाजपाले SIR मार्फत मतदाताहरूको एउटा ठूलो अंशको मतदान अधिकार खोस्ने प्रयास गरेको छ। यो वास्तविक मतदाताहरूको अधिकार खोसेर बंगालमा गणतन्त्रलाई कमजोर पार्ने एउटा षड्यन्त्र हो।

» यी सबै षड्यन्त्रहरू हुँदाहुँदै पनि बंगालले आफ्नो भाषा, संस्कृति, गणतान्त्रिक अधिकार र मर्यादाको रक्षा गरिरहेको छ अनि राज्यको आवाजलाई कमजोर पार्ने सबै कुचेष्टाविरुद्ध एकताबद्ध भएर खड़ा भएको छ।





विषय-सूची

आर्थिक समृद्धि	1-2
प्रशासनिक सक्रियता	3-6
सामाजिक न्याय र सुरक्षा	7-10
महिला सशक्तिकरण	11-14
युवाहरुको क्षमता अभिवृद्धि	15-16
अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछ्यौटे वर्गहरूको कल्याण	17-20
अल्पसंख्यक समुदायको कल्याण	21-22
आवास र क्षेत्र विकास	23-24
कृषि र खेती	25-28
उद्योग	29-32
सूक्ष्म, साना तथा मझौला उद्यम (MSME)	33-36
स्वास्थ्य सेवाहरू	37-40
शिक्षा	41-44
खाद्य	45-46
सड़क	47-48
पानी	49-50
बिजुली	51-52
पर्यटन	53-56
संस्कृति	57-60
खेलकुद	61-64
वातावरण	65-66



१. आर्थिक समृद्धि

मुख्य उद्देश्यहरु:

- सबै क्षेत्रमा लगानीलाई तीव्र बनाएर र अभूतपूर्व आर्थिक वृद्धि कायम राखेर बंगाललाई आउँदो १० वर्षभित्र भारतको तेस्रो ठूलो अर्थतन्त्र बनाउने र आउँदो ५ वर्षभित्र ४० लाख करोड़ रुपियाँको अर्थतन्त्र निर्माण गर्ने।

- निर्यात बढ़ाउन र उच्च गुणस्तरको रोजगार सिर्जना गर्न ग्लोबल ट्रेड सेण्टर निर्माण गर्नुका साथै गहिरो समुद्री र नदी बन्दरगाहहरूको सञ्जाल विस्तार गरेर आधुनिक लजिस्टिक हब निर्माण गरी बंगाललाई पूर्वी भारतको व्यापारको प्रवेशद्वारको रूपमा स्थापित गर्ने।

हाम्रो सफलता:

जीडीपी र म्याक्रो इण्डिकेटर वृद्धि

» पछिल्लो १५ वर्षमा बंगालको नमिनल जीडीपी लगभग ६ गुणा बढ़ेको छ।

» सँगसँगै औसत प्रतिव्यक्ति आय ३ गुणा बढ़ेको छ।

» हाम्रो सरकारले १.७२ करोड़ मानिसहरूलाई गरीबी रेखाबाट सफलतापूर्वक बाहिर निकालेको छ।

» बंगालको भौतिक क्षेत्रको पूर्वाधार क्षेत्रमा खर्च लगभग ७ गुणा बढ़ेको छ, विगत १५ वर्षमा बंगालको उत्पादनशील पूँजीगत खर्च लगभग १८ गुणा बढ़ेको छ।

पश्चिम बंगालमा बेरोजगारी दरमा कमी

» भारत सरकारको एउटा रिपोर्ट अनुसार पश्चिम बंगालमा १५ वर्ष र सोभन्दा माथिका मानिसहरूमा बेरोजगारी दर विगत ६ वर्षमा ४५.६५% घटेको छ।

राज्यद्वारा प्रदर्शन गरिएको वित्तीय अनुशासन : FRBM कानूनको पालना

» जीएसडीपी-को प्रतिशतको रूपमा राजस्व घाटा २०१०-११ सालको ३.७५% बाट घटेर २०२६-२७ सालमा १.०१% हुने अपेक्षा गरिएको छ।

» GSDP को प्रतिशतको रूपमा वित्तीय घाटा २०१०-११ को ४.२४% बाट घटेर २०२६-२७ मा २.९१% हुने अपेक्षा गरिएको छ।

» GSDP को प्रतिशतको रूपमा मोठ ऋणको परिणाम २०१०-११ सालको ४०.६५% बाट घटेर २०२६-२७ सालमा ३७.९८% हुने अपेक्षा गरिएको छ।

मासिक पारिवारिक खर्च वृद्धि :

» ग्रामीण पश्चिम बंगालमा प्रतिव्यक्ति मन्थली पर क्यापिटा कञ्जप्शन एक्सपेण्डिचर (MPCE) १२ वर्षमा १२९१ रुपियाँबाट लगभग ३ गुणा बढ़ेर ३,६२० रुपियाँ पुगेको छ।

राज्यको आफ्नै कर राजस्वमा उल्लेखनीय वृद्धि :

» राज्यको आफ्नै करबाट प्राप्त राजस्व २०१०-११ सालको २१,१२९ करोड़ रुपियाँबाट बढ़ेर २०२६-२७ सालमा १,१८,६६९ करोड़ रुपियाँ पुग्ने अनुमान गरिएको छ, जुन लगभग ६ गुणा वृद्धि हो।

आउँदा वर्षहरुमा हामीले गर्ने कामहरुको आश्वासन दिंदैछु :

* आउँदो १० वर्षमा बंगाललाई देशको तेस्रो ठूलो अर्थनीतिको रूपमा स्थापित गर्ने :
आउँदो १० वर्षमा बंगाललाई देशको तेस्रो ठूलो अर्थनीतिको रूपमा स्थापित गर्ने : पश्चिम बंगालले विगत २ आर्थिक वर्ष (२०२४-२५ र २०२५-२६) -मा औसतमा १०.५% को दोहोरो अंकको वृद्धि देखेको छ। यो निरन्तर वृद्धि दरले देशको शीर्ष तीन राज्यको अर्थतन्त्रमा बंगालको प्रवेश सुनिश्चित गर्नेछ। आउँदो ५ वर्षमा बंगाल ४० लाख करोड़ रुपियाँको अर्थतन्त्र भएको राज्यको रूपमा उदाउनेछ।

* पश्चिम बंगाल सम्पूर्ण पूर्वी भारतका लागि 'भारतको व्यापारको प्रवेशद्वार'-को रूपमा देखा पर्नेछ :
अत्याधुनिक अनि उल्लेखनीय पूर्वाधार ग्लोबल ट्रेड सेण्टर, बंगाललाई सम्पूर्ण पूर्वी भारतको व्यापार प्रवेशद्वारको रूपमा स्थापित गर्न विश्वव्यापी व्यापार केन्द्र, नदी र गहिरो समुद्री बन्दरगाहहरूको बाक्लो सञ्जाल र नयाँ लजिस्टिक हब निर्माण गरिनेछ, जसले बंगाललाई समग्र पूर्व भारतका लागि व्यापारको प्रवेशद्वारको रूपमा सुप्रतिष्ठित गर्न सकिनेछ। यसको फलस्वरूप अन्तरराष्ट्रिय कम्पनीहरू आकर्षित हुनेछन्, निर्यात सम्पर्क व्यवस्था अझ सुदृढ़ हुनेछ र बंगालका युवाहरूका लागि उच्च गुणस्तरीय रोजगारका अवसरहरू सिर्जना हुनेछन्।



२. प्रशासनिक सक्रियता

मुख्य लक्ष्यहरू:

- ७ नयाँ नयाँ जिल्लाहरू निर्माण गरिनेछ अनि मिशन महानगरअन्तर्गत २५ प्रमुख शहरहरूलाई आधुनिक शहरी पूर्वाधारसहितको नमूना शहरको रूपमा विकास गरेर प्रशासनिक र नगर व्यवस्थापन प्रणालीलाई अझ सुदृढ़ बनाउने।

- सरकारी कर्मचारीहरूको वेतन संरचनामा सामञ्जस्य ल्याउन अनि उनीहरूको उचित वेतन, उन्नत क्रयशक्ति र वित्तीय सुरक्षा सुनिश्चित गर्न राज्यमा सातौँ वेतन आयोग लागू गरिनेछ।

हाम्रो सफलता :

» उन्नत सेवा प्रदान गर्न राज्य सरकारले ४ वटा नयाँ प्रशासनिक जिल्लाहरू (कालेबुङ, अलीपुरद्वार, झारग्राम र पश्चिम बर्धमान), ४ सब-डिभिजनहरू (झाल्दा, मालबजार, मिरिक र धुपगढ़ी) र ४ प्रशासनिक ब्लकहरू (कल्याणी, लाभा, पेदोङ अनि क्रान्ति) गठन गरेको छ। फराक्का महकुमा चाँड़ै सञ्चालनमा आउनेछ। यसका साथै सुव्यवस्थित र योजनाबद्ध शहरी विकासको उद्देश्यका लागि ११ विकास प्राधिकरण र २ योजना प्राधिकरणहरू गठन गरिएका छन्।

» ८.०७ लाख दैलोमा सरकार शिविरहरू मार्फत १०.४३ करोड़ सरकारी सेवाहरू जनताको घर-दैलोमा पुऱ्याइएको छ। यसका साथै ३,५०० भन्दा बढ़ी बंगला सहायता केन्द्रहरूमार्फत १५.८६ करोड़ सरकारी सेवाहरू प्रदान गरिएको छ।

» भारतमा पहिलोचोटि युगान्तकारी 'हाम्रो टोल, हाम्रो समाधान' कार्यसूचीअन्तर्गत पश्चिम बंगालका ८०,००० बूथका साधारण मानिसहरूले गणतान्त्रिक रूपमा ८,००० करोड़ रुपियाँ (प्रति बूथ १० लाख) स्थानीय समस्या समाधानका लागि उपयोग गर्ने निर्णय लिएका छन्।

» सरासरी (सोझै) मुख्यमन्त्री-मार्फत नागरिकहरूले माननीय मुख्यमन्त्रीलाई सम्पर्क गरे अनि तिनीहरूको समस्याबारे झट्टै कार्यवाही सुनिश्चित गर्न एउटा प्रत्यक्ष माध्यम सिर्जना गरियो। ५४ विभाग र ५,८१८ कार्यालयहरूमा मोठ ६०,१४,६४४ गुनासोहरू दर्ता भएका छन्, जसमध्ये ५४,१७,८९८ गुनासोहरू समाधान गरिएको छ, जसले ९०% भन्दा बढ़ी सफलता दर देखाएको छ।

» भारतको सबैभन्दा सुरक्षित शहरको रूपमा कलकत्ताले निरन्तर रूपमा आफ्नो स्थान कायम राखेको छ। देशका सबै महानगरीय शहरहरूमध्ये, कलकत्तामा सबैभन्दा कम अपराध दर छ। केवल ८३.९, जुन राष्ट्रिय औसत (८२८) भन्दा उल्लेखनीय रूपमा कम छ। अनुसूचित जाति महिलाविरुद्धको अपराधको सन्दर्भमा पश्चिम बंगाल सबैभन्दा कम स्थानमा छ; २०११ सालमा यस अपराधको दर प्रतिलाख जनसंख्यामा २.८ थियो, २०२३ सालमामा यो ३० गुणाले घटेर प्रतिलाख जनसंख्यामा ०.१ मात्र रह्यो।

» विगत १५ वर्षमा अधिकार क्षेत्रको परिधि र यसको कामको तत्परता वृद्धि गर्न १ प्रहरी निर्देशनालय, ६ प्रहरी आयोग, १४ प्रहरी जिल्ला, ४९ महिला प्रहरी चौकी, ८ उप-विभागीय प्रहरी चौकी, ३६ साइबर प्रहरी चौकी र १०६ नयाँ प्रहरी चौकीहरू सिर्जना गरिएका छन्।

आउँदा वर्षहरूमा हामीले गर्ने कामहरूको आश्वासन :

❋ सबै महत्त्वपूर्ण पदक्षेपहरूको प्रभावकारी कार्यान्वयनका लागि हाई फर्फर्मेन्स डेलिभेरी युनिट गठन:
सरकारी उद्देश्य - सीमान्तकृत जनतालाई कुशल कार्यान्वयन र अग्राधिकारप्राप्त सरकारी नीतिहरूको पुर्याउने कुरा सुनिश्चित गर्न 'वेष्ट बेंगल हाई फर्फर्मेन्स डेलिभेरी युनिट' स्थापित गरिनेछ। यस सँगसँगै परिसेवा प्रदान उन्नत गर्न नियमित निगरानी र कार्यक्षमता मूल्यांकन गरिनेछ। यस युनिट-ले मुख्यमन्त्री कार्यालयसँग नजीकबाट काम गर्नेछ र यो एकजना विशेष रूपमा नियुक्त प्रमुख सल्लाहकारको अध्यक्षतामा सञ्चालित हुनेछ। नियमित रूपमा राज्यस्तरमा नीति निर्धारणको क्षेत्रमा सही निर्णय लिनका लागि, सरकारी नीति र कार्यक्रमहरूबारे मानिसको जनताको माग-उपलब्धि, विचार अनि गुनासोहरू संकलन अनि विश्लेषण गर्न यस युनिट-ले साधारण मानिस र मुख्यमन्त्री कार्यालयमाझ दुईतर्फी सम्पर्कका लागि एउटा प्लेटफर्म प्रदान गर्नेछ।

❋ राज्यमा सातौँ वेतन आयोग लागू गरिनेछ:
राज्य सरकारले बढ़्दो जीवनयापनको क्रममा बढ़्दो खर्चसँग सामञ्जस्य गर्दै वेतन संरचना समायोजन गर्नेछ, जसले गर्दा उचित वेतन, उन्नत क्रयशक्ति र आर्थिक सुरक्षा सुनिश्चित हुनेछ।

❋ भौगोलिक पुनर्गठन र नगरपालिकाहरूको संख्यामा वृद्धि:

जनसंख्यामा उल्लेखनीय परिवर्तनको परिणामस्वरूप धेरै नगरपालिकाहरूले अहिले असमान रूपमा ठूलो संख्यामा बासिन्दाहरूलाई सेवा दिइरहेका छन्। सरकारी सेवाहरू कुशलतापूर्वक र समयमै प्रदान गरिनुपर्ने सुनिश्चित गर्नलाई जनता अनि प्रशासनको आदर्श अनुपात कायम राख्न एउटा सामग्रिक पुनर्संरचना प्रक्रिया लागू गरिनेछ।

❋ राज्यमा सात नयाँ जिल्लाहरू गठन गरिनेछ:

सरकारी सेवा प्रदान व्यवस्था उन्नत गर्न अनि वर्तमान जिल्ला प्रशासनहरूमा दबाउ कम गर्न पश्चिम बंगालमा कान्दी, बहरमपुर, विष्णुपुर, सुन्दरवन, रानाघाट, इछामती र बशिरहाट गरी सातवटा नयाँ जिल्लाहरू गठन गरिनेछ।

❋ पश्चिम बंगालको नाउँ 'बाङ्ला' राख्ने हाम्रो लड़ाईं जारी रहनेछ:

स्वतन्त्रताको लगभग ८० वर्ष बितिसक्दा पनि बंगाल अझै पनि विभाजनको त्रासबाट जन्मिएको 'पश्चिम बंगाल' नाउँ लिएर बाँच्न बाध्य छ। यसको समाधानका लागि हामीले बारम्बार हाम्रो राज्यको नाउँ परिवर्तन गरेर 'बाङ्ला' राख्ने प्रयास गरेका छौँ तर केन्द्र सरकारले निरन्तर अवरोध खडा गर्दै आएको छ। पश्चिम बंगालको नाउँ परिवर्तन गरेर 'बाङ्ला' नाउँ सुनिश्चित गर्ने हाम्रो लड़ाईं जारी रहनेछ।

❋ भागीदारमूलक प्रशासनतर्फ ध्यान रही रहनेछ:

बंगालले दुआरे सरकार, टोलमा समाधान र हाम्रो टोल, हाम्रो समाधान जस्ता कार्यक्रमहरूमार्फत भागीदारमूलक प्रशासनमा राष्ट्रिय मानदण्ड स्थापित गरेको छ। सही अर्थमा जनमुखी प्रशासनलाई शक्तिशाली पार्न हामी यी उद्देश्यहरू निर्विघ्न रूपमा सञ्चालन भइरहने कुरा हामी सुनिश्चित गर्नेछौँ।

❋ बंगाललाई अप्रत्याशित बाढ़ीबाट जोगाउनेछौँ:

हाम्रो राज्यका मानिसहरूको हित, जीविका र सुरक्षाको रक्षा गर्न दामोदर भ्याली कॉर्पोरेशन (DVC) - ले समन्वित र वैज्ञानिक पाराले पानी छोड्ने नीति पालन गरोस् भन्ने कुरा सुनिश्चित गर्न हामी बंगालमा अप्रत्याशित बाढ़ीको मुद्दा केन्द्र सरकारसमक्ष जोरदार रूपमा राख्नेछौँ।

❋ मिशन महानगर कार्यक्रमअन्तर्गत पश्चिम बंगालका २५ प्रमुख शहरहरूलाई अत्याधुनिक शहरी पूर्वाधारसहितको मोडल शहरको रूपमा विकास गरिनेछ :

हावड़ा, डायमण्ड हार्बर, बर्धमान, दुर्गापुर, बोलपुर, कृष्णनगर, बारासत, रायगञ्ज, सिलगढ़ी, बहरमपुर, मालदा, कल्याणी, श्रीरामपुर, अण्डाल, बाँकुड़ा, पुरुलिया, दिघा, मेदिनीपुर, झारग्राम, एनकेडीए क्षेत्र, गंगारामपुर, जलपाइगढ़ी, कोचबिहार, अलिपुदुआर र दार्जीलिङलाई अत्याधुनिक शहरी पूर्वाधारसहितको मोडल शहरको रूपमा विकास गरिनेछ।





३. सामाजिक न्याय र सुरक्षा

मुख्य लक्ष्यहरू:

- सामाजिक सुरक्षा र संस्थागत सुरक्षा सुनिश्चित गर्न गिग वर्कर्स पोलिसी ल्याइनेछ र सबै अनुबन्धित गिग कर्मीहरूलाई नि:शुल्क सामाजिक सुरक्षा योजनाको घेरोमा ल्याइनेछ।

- सबै योग्य वरिष्ठ नागरिकहरूले सम्मानजनक जीवन बिताउन सकुन् भन्ने कुरा सुनिश्चित गर्न वृद्धभत्ता परियोजनालाई अझ सुदृढ़ र विस्तार गरिनेछ।

हाम्रो सफलता :

» पश्चिम बंगाल सरकारले राज्यका सबै वासिन्दाहरूको समग्र विकास सुनिश्चित गर्न २०११ सालदेखि १०० वटा जनकल्याणकारी परियोजनाहरू शुरू गरेको छ।

» जय बाङ्ला परियोजनाअन्तर्गत, २०.५७ लाख विधवा, ५०.६१ लाख वरिष्ठ नागरिक, ७.५९ लाख विशेष रूपमा अशक्त व्यक्तिहरू र २.१२ लाख अन्य लाभार्थीहरूले मासिक पेन्सन प्राप्त गरिरहेका छन्, जसको वार्षिक विनियोजन १०,५७३.८७ करोड़ रुपियाँ छ।

» नि:शुल्क सामाजिक सुरक्षा योजनाअन्तर्गत, १.८४ करोड़ असंगठित श्रमिकहरूलाई समग्र सामाजिक सुरक्षाअन्तर्गत ल्याइएको छ, जसका लागि २,८८० करोड़ रुपियाँको आर्थिक विनियोजन गरिएको छ। जसले उनीहरूका लागि चिकित्सा, मृत्यु र कल्याणकारी सुविधाहरू सुनिश्चित गर्दछ।

» २०२३ सालमा शुरू गरिएको कर्मसाथी (प्रवासी श्रमिक) परियोजनाले हाम्रा आप्रवासी श्रमिकहरूलाई सुरक्षा प्रदान गर्दछ र उनीहरूको अभाव-गुनासोलाई सम्बोधन गर्दछ, अर्कोतिर श्रमश्री (२०२५) परियोजनाले फर्किएका ३१.७७ लाख श्रमिकहरूलाई नयाँ जागिर नपाएसम्म प्रतिमहीना ५,००० रुपियाँ आर्थिक सहायता प्रदान गर्दछ। उनीहरूले जब कार्ड, सीप विकास, राशिन र स्वास्थ्य सेवाका लाभहरू पनि पाउँछन्।

» जब १०० दिनको कामका लागि केन्द्रिय कोष (मनरेगा) रोकियो, तब हामीले कर्मश्री योजना (अहिले महात्मा-श्री) शुरू गर्यौं, जसको फलस्वरूप २०,७७६ करोड़ रुपियाँको लागतमा ७८.३१ लाखभन्दा बढ़ी जब कार्ड धारकहरूका लागि १०४.५८ करोड़ कार्यदिवस सिर्जना भएको छ।

आउँदा वर्षहरुमा हामीले गर्ने कामहरुको आश्वासन :


* वृद्धभत्ता सुरक्षालाई अझ सुदृढ़ र विस्तार गर्ने:
  हालका सबै लाभार्थीहरूका लागि निर्बाध वृद्धभत्ता सहयोग सुनिश्चित गर्नुका साथै यस भत्ताको परिधि बिस्तारै विस्तार गरेर हामी सबै योग्य वरिष्ठ नागरिकहरूलाई यसअन्तर्गत ल्याउन सजग हुनेछौँ ताकि बंगालका वरिष्ठजन सम्मानपूर्वक बाँच्न सकून्।

* गिग श्रमिकहरूका लागि नयाँ नीति चालु गरिनेछ अनि उनीहरूलाई एउटा विस्तृत सुरक्षा घेराअन्तर्गत ल्याइनेछ:
  गिग श्रमिकहरूका लागि एउटा निर्दिष्ट नीतिगत रूपरेखा ल्याइनेछ, जसअन्तर्गत गिग श्रमिक, एग्रीगेटर र सरकारका प्रतिनिधिहरूलाई मिलाएर एउटा बोर्ड गठन गरिनेछ। यसका साथै प्रत्येक अनुबन्धित गिग श्रमिकलाई नि:शुल्क सामाजिक सुरक्षा योजनाअन्तर्गत ल्याइनेछ।

* पुजारीहरूको मासिक आर्थिक सहयोग ५०० रुपियाँ बढ़ाइने:
  पुजारीहरूका लागि आर्थिक सहयोग दृढ़तापूर्वक सुनिश्चित गर्न हालको राशि रु. १,५०० बाट बढ़ाएर रु. २,००० (वार्षिक रु. २४,०००) पुऱ्याइनेछ।

* राज्य सरकारले महात्मा-श्री पहलमार्फत राज्यका सबै जब कार्ड धारकहरूलाई १०० दिनको काम प्रदान गर्नेछ:
  केन्द्र सरकारले १०० दिने कामको योजना रद्द गरिदिएको छ। यस परिप्रेक्ष्यमा बंगालका श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्न राज्य सरकारले सबै जब कार्ड धारकहरूलाई १०० दिनको ग्यारेन्टी-युक्त काम प्रदान गर्नेछ।

* चियाकमानका श्रमिकहरूको न्यूनतम ज्याला प्रतिदिन २५० रुपियाँबाट बढ़ाएर ३०० रुपियाँ गरिनेछ:
  चियाकमानका श्रमिकहरूको आर्थिक अवस्था सुधार गर्न र उनीहरूको श्रमको सही मूल्यांकन सुनिश्चित गर्न उनीहरूको दैनिक न्यूनतम ज्याला २५० रुपियाँबाट बढ़ाएर ३०० रुपियाँ गरिनेछ।



* समलैंगिक र ट्रान्सजेण्डर समुदायका मानिसहरूले सामना गर्ने चुनौतीहरूको यथार्थपरक समाधानको खोजी गरिनेछ:
  शिक्षा, स्वास्थ्य सेवा, रोजगार, आवास, सुरक्षा र सामाजिक समावेशीकरणमा दैनिक अवरोधहरूलाई हटाएर वास्तविक र कार्यान्वयनयोग्य उपायहरू पहिचान गर्न विशेष प्रयास गरिनेछ।

* राज्यका आशाकर्मी, आँगनवाड़ी कार्यकर्ता र सहायिका, पार्श्व शिक्षक, पार्टटाइम सन्धिअन्तर्गत शिक्षक, सहायक, सम्प्रसारक, प्रमुख सम्प्रसारक, व्यवस्थापन कर्मी, स्पेशल एजुकेटर, सिभिक भोलेण्टियर, भिलेज पुलिस अनि ग्रीन पुलिसहरूको मानधन प्रतिमहीना रु. १,०००/- वृद्धि गरिनेछ:
  लामो समयदेखिको ज्याला वृद्धिको माग पूरा गर्न र शासन-व्यवस्था सचल राख्न तृणमूल स्तरका श्रमिकहरूले गरेको विपुल कामको कदर गर्दै उनीहरूको मानधनमा रु. १,०००/- वृद्धि गरिनेछ। यसबाहेक ६० वर्ष उमेर नपुग्दै कुनै पनि श्रमिकको मृत्यु भएमा त्यस दुर्भाग्यपूर्ण परिस्थितिमा मृतकको नजीकका आफन्तलाई रु. ५ लाखको एकमुष्ठ क्षतिपूर्ति दिइनेछ।

* भुस्याहा कुकुर र बिरालाहरूका लागि मानवीय समाधानको खोजी:
  भुस्याहा कुकुर र बिरालाहरूसँग मानवीय व्यवहार सुनिश्चित गर्न र तिनीहरूको हेरचाह गर्नेहरूको (केयरगिभर) सुरक्षा गर्न हामी नगरपालिकाहरूमा एउटा विशेष समिति गठन गर्नेछौँ। उक्त समितिले वैज्ञानिक र तथ्य-प्रमाणको आधारमा समाधानको बाटो खोजी निकाल्नेछ।





४. महिला सशक्तिकरण

मुख्य लक्ष्यहरु :

- लक्ष्मी भण्डार योजनाअन्तर्गत, अनुसूचित जाति र अनुसूचित जनजाति महिलाहरूका लागि आर्थिक सहायता बढ़ाएर प्रतिमहीना रु.१,७००/- (प्रति वर्ष रु.२०,४००/-) अनि साधरण वर्गका महिलाहरूका लागि मासिक रु.१,५००/- (प्रति वर्ष रु.१८,०००/-) प्रदान गरी तिनीहरूको पारिवारिक आयमा वृद्धि गरिनेछ।

- रोजगार र व्यवसायका अवसरहरू विस्तार गरेर अनि स्व-सहायता समूहहरूको पूर्वाधारलाई सुदृढ़ पारेर आउँदो ५ वर्षमा महिलाहरूको श्रमशक्तिमा सहभागिता दर ४४.७% बाट बढ़ाएर ५०% गरिनेछ।

हाम्रो सफलता :

» युगान्तकारी लक्ष्मी भण्डार परियोजनाअन्तर्गत २.४ करोड़ महिलाहरू आर्थिक अनि सामाजिक रूपमा सशक्त भएका छन्।

» कन्याश्री योजनाअन्तर्गत १८,००० संस्थाका १ करोड़ केटीहरू लाभान्वित भएका छन्।

» रूपश्री योजनाअन्तर्गत २२ लाखभन्दा बढ़ी महिलाहरूले आफ्नो विवाहका लागि आर्थिक सहयोग प्राप्त गरेका छन्।

» राज्यमा २० लाखभन्दा बढ़ी विधवाहरूले पेन्सन पाउँछन्।

» सबुजश्री परियोजनाअन्तर्गत नवजात शिशुका आमाहरूलाई ६८ लाख बिरुवा वितरण गरिएको छ।

» महिलाहरूको स्वामित्वमा रहेका MSME हरूको संख्याको हिसाबले पश्चिम बंगाल भारतभरिमा पहिलो स्थानमा छ, जहाँ मोठ ३१ लाख महिला उद्योगपति छन्।

» स्वनिर्भर समूहहरूलाई दिइएको ऋणको परिमाण २०१०-११ सालको ५३१ करोड़ रुपियाँबाट लगभग ७० गुणा बढ़ेर २०२५-२६ सालमा ३५,००० करोड़ रुपियाँ पुगेको छ।

» आनन्दधारा परियोजनामार्फत १.२१ करोड़ माहिलाहरूलाई जीविकोपार्जनका अवसरहरू प्रदान गरिएको छ।

» स्वनिर्भर समूहहरूको संख्या २०१०-११ सालको लगभग १ लाखबाट लगभग १२ गुणा बढ़ेर २०२५-२६ सालमा १२ लाखभन्दा धेर भएको छ।

» स्वनिर्भर समूहहरूअन्तर्गत ५ लाख महिलाहरूलाई पोशाक अनि युनिफर्म उत्पादनमा रोजगार दिइएको छ, जसको फलस्वरूप १.५ करोड़ कार्यदिवस सिर्जना भएको छ।

» महिलाहरूविरुद्ध हुने अपराधको क्षेत्रमा अझ शक्तिशाली कानूनी सुरक्षा सिर्जना गर्न २०२४ सालमा हाम्रो सरकारले अपराजिता विधेयक प्रस्तुत गऱ्यो।

» तृणमूल कंग्रेस सरकारले चालु गरेको रात्रिर साथी (रातिको साथी) एप-ले रातिको शिफ्ट-मा काम गर्ने वा रात परेपछि यात्रा गर्ने महिलाहरूलाई विपदको बेला तत्काल सहायता सुनिश्चित गर्दछ।

» बंगालका पञ्चायतहरूमा महिला प्रतिनिधित्व ५१.४% छ, जुन राष्ट्रिय औसत ४५.६% भन्दा बढ़ी हो।

» बंगालमा संस्थागत प्रसव दर अहिले ९९.१३% छ, जसले लगभग सबै महिलाहरूको सुरक्षित प्रसव सुनिश्चित गर्दछ।

आउँदा वर्षहरूमा हामीले गर्नुपर्ने कामहरूको आश्वासन दिँदछु :

* सबै महिलाहरूका लागि लक्ष्मी भण्डार योजनाअन्तर्गत आर्थिक सहयोग बढ़ाएर पारिवारिक आय वृद्धि गरिनेछ:
पपरिवारको समृद्धि सुनिश्चित गर्न अनि पारिवारिक आय बढ़ाउन, सबै वर्गका लक्ष्मी भण्डार योजनामा रु ५००/- वृद्धि गरिएको छ। अहिले अनुसूचित जाति/अनुसूचित जनजातिका महिलाहरूले प्रतिमहीना १,७०० रुपियाँ अनि सामान्य वर्गका महिलाहरूले प्रतिमहीना १,५०० रुपियाँ पाउँदछन्।

* राज्य प्रहरी बलमा महिला कर्मचारीहरूको अनुपात उल्लेखनीय रूपमा बढाइनेछ:
राज्यको पुलिस बलमा महिला कर्मीहरूको अनुपात उल्लेखनीय रूपमा वृद्धि गरिनेछ।

* कर्माञ्जलि परियोजनाअन्तर्गत पश्चिम बंगालको प्रत्येक जिल्लामा काम गर्ने महिला: हरूका लागि कम्तीमा एउटा होस्टेल हुनेछ:
राज्यमा काम गर्ने महिलाहरूका लागि सुरक्षित र सुलभ मूल्यमा आवास सुनिश्चित गरिनेछ ताकि प्रत्येक जिल्लामा काम गर्ने

महिलाहरूका लागि कम्तीमा एउटा होस्टेल हुने सुनिश्चित गर्न सकियोस्।

* अपराजिता विधेयक कार्यान्वयनका लागि जोरदार पदक्षेप:
  पश्चिम बंगाल सरकारले विधानसभामा प्रस्तुत र पारित गरेको ऐतिहासिक अपराजिता विधेयकको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न राष्ट्रपतिको स्वीकृति सकेसम्म चाँड़ो प्राप्त गर्न प्रयास र संघर्षलाई तीव्र पारिनेछ।

* रात्रिर साथी (रातिको साथी) एप-लाई अझ बलियो र प्रभावकारी बनाइनेछ:
  सजिलो र युजर फ्रेण्डली बनाएर सुरक्षा सुनिश्चित गर्न।

* महिलाहरूविरुद्ध हुने अनलाइन हैरानी अनी हिंसा रोक्न कड़ा पाइला चालिनेछ।

* महिलाहरूकि लागि गुणस्तरीय रोजगारका अवसरहरू सुनिश्चित गर्ने:
  पर्याप्त रोजगार र उद्योग-धन्दाका अवसरहरू सिर्जना गरेर पश्चिम बंगालमा आउँदो ५ वर्षमा श्रमशक्ति क्षेत्रमा महिलाहरूको सहभागिता ४४.७% बाट बढ़ाएर ५०% पुऱ्याइनेछ।

* आउँ ५ वर्षमा स्व-निर्भर समूहहरूको संख्यामा वृद्धि र स्व-निर्भर समूह आधारित ऋण वितरण:
  स्व-निर्भर समूहहरूमार्फत अझ धेरै महिलाहरू स्वाबलम्बी बन्न सकुन भन्ने सुनिश्चित गर्न कार्यस्थलमा सक्रिय स्व-निर्भर समूहहरूको संख्या बढ़ाइनेछ। महिलाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न यी स्व-निर्भर समूहहरूलाई उपलब्ध ऋणको मात्रा पनि बढ़ाइनेछ। स्व-निर्भर समूहहरूद्वारा उत्पादित वस्तुहरू किन्नमा राज्य सरकारले अग्राधिकार दिनेछ।

* स्व-निर्भर समूह अनि कारीगरहरूको मार्केटिङ हब-हरूको संख्या बढ़ाएर ५० पुऱ्याइनेछ :
  यसको फलस्वरूप वर्तमानमा रहेका स्व-निर्भर समूह र कारीगर मार्केटिङ हब-हरूको संख्या दोब्बर हुनेछ, जसको कारण प्रत्येक जिल्लामा कम्तीमा २ वटा हब सुनिश्चित हुनेछ।





५. युवा समाजको दक्षता वृद्धि

मुख्य लक्ष्यहरु :

- बंगालको युवासाथी परियोजनाअन्तर्गत २१ देखि ४० वर्ष उमेर समूहका शिक्षित बेरोजगार युवाहरूलाई रोजगार नपाएसम्म प्रतिमहीना १,५०० रुपियाँको आर्थिक सहयोग प्रदान गरिनेछ।

- राज्यभरि वृहत उद्योग अनि पूर्वाधारगत विभिन्न उद्योगहरूमार्फत १० लाख नयाँ रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

हाम्रो सफलता :

» २०११ देखि राज्यमा बेरोजगारी ४०% ले घटेको छ।

» मा,- माटी-मानुष सरकारअन्तर्गत बंगालमा २ करोड़भन्दा बढ़ी नयाँ रोजगारका अवसरहरू सिर्जना भएका छन्।

» युवा कल्याण तथा खेलकुद विभागको बजट विगत १५ वर्षमा सात गुणा बढ़ेको छ, जसले बंगालमा युवा तथा खेलकुद विकासमा प्रगति निरन्तर र रणनीतिक ध्यान केन्द्रित रहेको संकेत गर्दछ।

» २०११ सालदेखि यता जम्मा ४४ वटा युवा होस्टेलहरू नवनिर्माण वा स्तरोन्नति गरिएका छन्।

» हाम्रो सरकारले ९१२ वटा युवा कम्प्युटर तालीम केन्द्रहरू स्थापना गरेको छ। पोलिटेक्निक कलेजहरूको संख्या २०११ सालको ६५ बाट बढ़ेर २०२६ सालमा ३५७ पुगेको छ अनि औद्योगिक तालीम संस्थाहरूको संख्या २०११ सालको ८० बाट बढ़ेर २०२६ सालमा ३१७ पुगेको छ।

» उत्कर्ष बाङ्ला परियोजनाअन्तर्गत रोजगारमूलक सीप विकासको तालीम प्रदान गरिँदैछ र यस परियोजनाअन्तर्गत ४६ लाख युवाहरूलाई तालीमको व्यवस्था गरिएको छ।

आउँदा वर्षहरूमा हामीले गर्ने कामहरूको आश्वासन दिँदछु :

❋ राज्यका बेरोजगार युवाहरूलाई प्रति महीना रु. १५००/- को आर्थिक सहायता (बाङ्लार युवासाथी):
२१ देखि ४० वर्ष उमेर समूहका सबै बेरोजगार युवक-युवतीहरू , जसले कक्षा १० उत्तीर्ण गरेका छन् र अझै जागिर पाएका छैनन्, उनीहरूलाई अधिकतम ५ वर्ष वा जागिर नभेटेसम्म (जुन पहिले हुन्छ) प्रतिमहीना रु. १,५००/- आर्थिक सहायता प्रदान गरिनेछ।

❋ बंगालको रचनात्मक उद्योग अर्थतन्त्रलाई तीव्र बनाउने:
अझै उपयोग नभएको सृजनात्मक उद्योगको सम्भावनालाई उपयोग गर्न, सृजकहरूलाई सशक्त बनाउन वित्तमा पहुँच सुदृढ गर्ने, आधुनिक उत्पादन पूर्वाधार विकास गर्ने, विश्वव्यापी बजारमा पहुँच विस्तार गर्ने तथा बौद्धिक सम्पत्ति समर्थन प्रदान गर्ने उद्देश्यले एक समर्पित नीति लागू गरिनेछ; जसले सृजनशीलतालाई रोजगारी, उद्यम र विश्वव्यापी सांस्कृतिक प्रभावमा रूपान्तरण गर्नेछ।

❋ राज्यमा १० लाख नयाँ रोजगारका अवसरहरू सिर्जना हुनेछन् :
पश्चिम बंगाल सरकारका विभिन्न पहलहरू, जस्तै देउचा पञ्चमीमा एसियाको सबैभन्दा ठूलो कोइलाखानी, पुरुलियाको जंगलसुन्दरी कर्मनगरी नामक ग्रीनफिल्ड इण्डस्ट्रियल पार्क, ६ वटा नयाँ औद्योगिक कोरिडोरहरू (रघुनाथपुर-ताजपुर, डानकुनी-कल्याणी, डानकुनी-झारग्राम, डानकुनी-कोचबिहार, खड़गपुर-मोड़ग्राम, पुरुलियाको गुरुड़ीदेखि कलकत्ताको जोकासम्म), कर्मदिगन्त लेदर पार्क र सागरदिघी सुपरक्रिटिकल एनर्जी युनिट मार्फत राज्यमा कम्तीमा १० लाख नयाँ रोजगारका अवसरहरू सिर्जना गरिनेछ।

❋ हामी सबै सरकारी रिक्त पदहरू सूव्यवस्थित तरीकाले भर्ने प्रयास गर्नेछौँ :
युवा समाजलाई सुरक्षित सरकारी रोजगार प्रदान गर्न विभिन्न सरकारी विभागहरूमा रहेका सबै रिक्त पदहरू व्यवस्थित रूपमा पूर्ति गर्नु हाम्रो लक्ष्य हो।





६. अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछ्यौटे वर्गहरुको कल्याण

मुख्य लक्ष्यहरु :

- पूर्णरूपमा डिजिटल र समयबद्ध सेवा प्रदानमार्फत १०० प्रतिशत छात्रवृत्तिको व्यवस्था सुनिश्चित गरेर प्रत्येक ब्लक-मा एससी र एसटी होस्टलहरू विस्तार गरी अनि योगश्री कोचिङ प्रणालीलाई सुदृढ़ पार्दै एससी, एसटी र ओबीसी-हरूका लागि शैक्षिक र जीविकोपार्जनका अवसरहरू बढ़ाउने।

- महतो समुदाय र कृषक जातिलाई अनुसूचित जाति भनेर मान्यता दिने प्रयासहरूलाई अझ जोरदार सुदृढ़ पार्न; यसका साथै आदिवासी स्व-निर्भर समूहहरूका लागि लार्ज एरिया मल्टी पर्पोज को-अपरेटिभ सोसाइटी फर सोशल डेभलपमेण्ट एण्ड फिनान्सियल इन्क्लुजन (LAMPS) को माध्यमले संस्थागत सहायता वृद्धि गरिने अनि सुरक्षा प्रदान र अभियोगहरूको समाधानका लागि तपशिली (अनुसूचित) बन्धु सहायता सेल गठन गरेर यसलाई अझ सुदृढ़ गरिनेछ।

हाम्रो उपलब्धिहरू:

» पश्चिम बंगाल सरकारको पछ्यौटे वर्ग कल्याण विभागले अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछ्यौटे वर्गका १.६९ करोड़भन्दा बढ़ी मानिसहरूलाई जाति प्रमाणपत्र प्रदान गरेको छ।

» अधिक पारदर्शिता र सजिलोका लागि नोभेम्बर २०२२ देखि डिजिटल हस्ताक्षरयुक्त QR कोडसहितको जाति प्रमाणपत्र चालु गरिएको छ।

» जय जोहार र अनुसूचित बन्धु योजनाअन्तर्गत अनुसूचित जाति/अनुसूचित जनजाति समुदायका १४.६४ लाख वरिष्ठ नागरिकहरूलाई पेन्सन प्रदान गरिएको छ।

» विगत १५ वर्षमा लगभग १,२७,५०० अनुसूचित जाति युवक-युवतीहरूले बजारको माग पूरा गर्ने विभिन्न पेशामा छोटो अवधिको सीप विकास तालीम प्राप्त गरेका छन्।

» अनुसूचित जाति परिवारका मेधावी विद्यार्थीहरूका लागि डा. बी. आर. अम्बेडकर मेधा पुरस्कार अनि ठाकुर हरिचाँद गुरुचाँद पुरस्कार शुरू गरिएको छ।

» विगत १५ वर्षमा राज्यका ३०,९०,४६२ अनुसूचित जातिका विद्यार्थीहरू र ३५,०९,९७२ अन्य पछ्यौटे वर्गका विद्यार्थीहरूले प्रि-म्याट्रिक छात्रवृत्ति प्राप्त गरेका छन्।

» २०११ सालदेखि, अनुसूचित जातिका ६४,६८,४०० विद्यार्थीहरू र अन्य पछ्यौटे वर्गका २९,२५,९२० विद्यार्थीहरूले पोस्ट-म्याट्रिक छात्रवृत्ति प्राप्त गरेका छन्।

» शिक्षाश्री छात्रवृत्ति परियोजनाअन्तर्गत अनुसूचित जातिका १,२५,५०,८२८ विद्यार्थीहरू लाभान्वित भएका छन्।

» प्रदेश सरकारले लेप्चा, तामाङ, भोटिया, शेर्पा, लिम्बू, लोधा–शबर अनि भूमिज समुदायका लागि विकास तथा सांस्कृतिक परिषदहरू गठन गरेको छ ।

» आदिवासीहरूको धार्मिक रीतिहरूको सम्मान गर्न हाम्रो सरकारले ७४८ जाहेर थान संरक्षण र १,५३७ माझी थानको निर्माणमा सहायता गरेको छ।

» रिभल्भिङ फण्ड-को सुविधाको माध्यममा लार्ज एरिया मल्टी पर्पोज को-अपरेटिभ सोसाइटी/ को-अपरेटिभ सोसाइटिज (LAMPS) मा समावेश गरिएका ८,३१४ आदिवासी महिला स्व-निर्भर समूहहरूलाई आर्थिक सहायता प्रदान गरिएको छ।

आउँदा वर्षहरुमा हामीले काम पूरा गर्ने कामहरुको आश्वासन दिँदछु :

* आदिवासी नेतृत्वको स्व-निर्भर समूहहरूकि लागि लार्ज एरिया मल्टी पर्पोज को-अपरेटिभ सोसाइटी फर सोशल डेभलपमेण्ट एण्ड फिनान्सियल इन्क्लुजन (LAMPS) लाई सुदृढ़ पार्ने:
  LAMPS -का सदस्यहरूको सामाजिक विकास र जीविकोपार्जन सिर्जनालाई सहयोग गर्न यसको पूर्वाधारलाई अझ सुदृढ़ गरिनेछ। यसका साथै LAMPS अन्तर्गत महिला आत्मनिर्भर समूहहरूका लागि एउटा समर्पित रिभल्भिङ फण्ड-को व्यवस्थाले उनीहरूको जीविकोपार्जनमा सुधार ल्याउनेछ र प्रथागत ब्यांकिङ प्रणालीमा उनीहरूको अन्तर्भुक्तिको पथ सुगम बनाउनेछ।

* अनुसूचित जनजाति मान्यताका लागि महतो समुदायको लड़ाई निर्विघ्न होस भन्ने सुनिश्चित गर्ने :
  महतो समुदायले पाउनुपर्ने मान्यति सरकारी सहायता योजनाहरूको लाभहरू प्राप्त गर्न सकुन् भन्ने सुनिश्चित गर्न

तिनीहरूलाई अनुसूचित जनजातिको दर्जा प्रदान गर्ने हाम्रो सिफारिशमा हामी भारत सरकारसँग निरन्तर सम्पर्कमा रहनेछौँ।

* कृषक जातिलाई अनुसूचित जनजातिको मान्यताका लागि संघर्ष जारी रहनेछ:
किसान जातिको अनुसूचित जनजातिको मर्यादाको मुद्दालाई द्रुत गतिमा सम्बोधन गर्न हामी कानूनी र प्रशासनिकस्तरमा केन्द्र सरकारसँग हाम्रो संलग्नतालाई अझ तीव्र पार्नेछौँ अनि औपचारिक मान्यता प्राप्त नभएसम्म राजनीतिक दबाउ बनाई राख्नेछौँ।

* तोकिएको समयसीमाभित्र सहज तरीकाले जात प्रमाणपत्र प्रदान गरिनेछ:
तीव्र र अझै जिम्मावारीपूर्ण नागरिक सेवा वितरण सुनिश्चित गर्न जिल्लाको कार्यदक्षता श्रेणीकरणद्वारा समर्थित १००% अनलाइन प्रशोधन, स्वचालित प्रमाणीकरण र निश्चित सेवा समयसीमासहितको निर्दिष्ट अवधिभित्र जात प्रमाणीकरण प्रणाली लागू गरिनेछ।

* OBC A र B वर्गीकरण सम्बन्धी विद्यमान सबै अभियोगहरू हरूको जाँच गरेर यस टास्क फोर्स-ले ओबीसी ए र बी वर्गीकरण सम्बन्धी सबै विद्यमान गुनासोहरूको जाँच गर्नेछ र ओबीसी प्रमाणपत्र जारी गर्ने प्रणालीलाई अझ तर्कसंगत र सुव्यवस्थित बनाउनेछ।

* आउँदो ५ वर्षमा १०,००० थप विद्यार्थीहरू योगश्री परियोजनाअन्तर्गत ल्याइनेछ:
शिक्षा र रोजगारीका लागि प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा अनुसूचित जाति र अनुसूचित जनजातिका विद्यार्थीहरूलाई सहयोग बढ़ाउन वर्तमानमा योगश्री परियोजनाअन्तर्गत जिल्लास्तरीय केन्द्रहरूमा १०,००० थप विद्यार्थीहरूलाई तालीम दिइनेछ।

* मुण्डा, कोरा, डोम, कुम्भकार र सदगोप समुदायहरूका लागि सांस्कृतिक तथा विकास बोर्डहरूको स्थापना : यी बोर्डहरूले लक्षित कल्याणकारी कार्यक्रमहरू, सीप विकास, जीविकोपार्जन सिर्जना, शिक्षा तथा सरकारी सेवामा पहुँचलाई सुदृढ गर्नेछन्, जसले माथि उल्लेखित समुदायहरूको समावेशी विकास र राज्यको विकास यात्रामा उनीहरूको थप सहभागिता सुनिश्चित गर्नेछ।

* अनुसूचित जाति र अनुसूचित जनजातिका विद्यार्थीहरूका लागि निर्दिष्ट छात्रावासहरूको सञ्जाल विस्तार :
अनुसूचित जाति र अनुसूचित जनजाति विद्यार्थीहरूले विद्यार्थी जीवनमा राम्रो आवास पाउन् भन्ने कुरा सुनिश्चित गर्न वर्तमानमा तोकिएका अनुसूचित जाति र अनुसूचित जनजाति छात्रावासहरूको विद्यमान सञ्जाल विस्तार गरिनेछ ताकि प्रत्येक ब्लकमा कम्तीमा पनि एउटा यस्तो छात्रावास होस्। अनुसूचित जाति र अनुसूचित जनजातिका विद्यार्थीहरूका लागि राज्य सरकारद्वारा सञ्चालित सबै छात्रावासहरूमा सुविधाहरूको स्तर बढ़ाइनेछ।

* सबै आदिवासी विद्यालयहरूमा स्मार्ट क्लास र खेलकुद सुविधा:
आदिवासी परिवारका बालक-बालिकाका लागि शिक्षाको समान अवसरहरू सुनिश्चित गर्न आदिवासी विद्यालयहरूमा स्मार्ट क्लास र खेलकुदको पूर्वाधारको सुविधा प्रदान गरिनेछ।

* अनुसूचित जाति, अनुसूचित जनजाति र पछ्यौटे वर्ग परिवारका विद्यार्थीहरूका लागि १००% छात्रवृत्तिको सुविधा :
एससी, एसटी र ओबीसी परिवारका विद्यार्थीहरूले प्रि-म्याट्रिक, पोस्ट-म्याट्रिक र मेरिट-कम-मिनस योजनाहरूमार्फत आफ्नो शैक्षिक जीवनमा पूर्ण सहयोग पाउँछन्। सहयोगलाई अझ बलियो बनाइनेछ अनि शुरूदेखि अन्त्यसम्म डिजिटल ट्र्याकिङ मार्फत कुनै पनि आवेदन नछुट्ने कुरा सुनिश्चित गरिनेछ।

* राज्यका प्रत्येक ब्लक र नगरपालिकामा अनुसूचित सहायता सेवाहरू स्थापना गरिनेछ:
यस तालिकाका लागि BDO (वा शहरी क्षेत्रहरूको लागि SDO) ले यस अनुसूचित सहायता सेलको अध्यक्षता गर्नेछन् र यसमा BL & ARO office, BCW, निरीक्षक र स्थानीय प्रहरी अधिकारीहरूका प्रतिनिधिहरू हुनेछन्। साथै, आवश्यकताअनुसार अन्य सदस्यहरूलाई पनि सामेल गर्न सकिन्छ। यस सेलले अनुसूचित जाति र अनुसूचित जनजातिका नागरिकहरूको आभियोग समाधान गर्नेछ, कानूनी प्रावधान वा नियमहरूबारे जानकारी र मार्गदर्शन प्रदान गर्नेछ र जन कल्याणकारी योजनाहरू कार्यान्वयन गर्नेछ। यी सेल-हरूको कामकाज एउटा निर्दिष्ट ढाँचाको माध्यममा मासिक रूपमा आफ्नो क्षेत्राधिकारअन्तर्गतका क्षेत्रको लागि एसडीओ र सम्पूर्ण जिल्लाका लागि जिल्लापालले हेर्नेछन्।





७. अल्पसंख्यक समुदायको कल्याण

मुख्य लक्ष्यहरु :

- स्वास्थ्य र शैक्षिक संस्थाहरूको स्थापनासहित समुदायको कल्याणका लागि वक्फ सम्पत्तिहरूको संरक्षण र प्रभावकारी प्रयोग सुनिश्चित गर्नु।

- आलिया विश्वविद्यालयमा नयाँ रोजगारमुखी पाठ्यक्रमहरू चालु गरेर अनि अल्पसंख्यकबहुल क्षेत्रहरूमा २७ औद्योगिक तालीम संस्थानहरूमा सफ्ट-स्किल तालीम प्रदान गरेर अल्पसंख्यक युवाहरूका लागि शिक्षा र रोजगारका अवसरहरू विस्तार गर्ने।

हाम्रो सफलता :

- देशको कुनै पनि राज्यद्वारा सञ्चालित सबैभन्दा ठूलो अल्पसंख्यक छात्रवृत्ति योजना ऐक्यश्रीमार्फत ४.९५ करोड़ छात्रवृत्ति प्रदान गरिएको छ।
- डेस्टिट्युड माइनोरिटी वूमन रिह्याबिलिटेशन प्रोग्राम (DMWRP) मार्फत २,६०,०२७ गरीब-असहाय अल्पसंख्यक महिलाहरूका लागि मर्यादापूर्ण आवास सुनिश्चित गरिएको छ। यस वर्ष ३३,७५३ थप सहायता आवास अनुमोदन गरिएको छ।
- अल्पसंख्यक विद्यार्थीहरूलाई पढ्नमा सहायता गर्न मदरसाहरूमा १,२०० स्मार्ट क्लास रूम, ११५ वटा डिजिटल ल्याब र ७६ वटा विज्ञान प्रयोगशाला प्रदान गरिएको छ।
- आलिया विश्वविद्यालयका तीन क्याम्पसहरूमा छात्रावास पूर्वाधारको व्यापक स्तरोन्नतिको काम शुरू भएको छ।
- अल्पसंख्यकबहुल क्षेत्रहरूमा पूर्वाधार विकास सुनिश्चित गर्ने क्षेत्रमा पश्चिम बंगाल राज्य देशमा पहिलो स्थानमा छ।
- अल्पसंख्यक मामिला विभागको बजट लगभग दश गुणा बढ़ाइएको छ।
- सरकारले प्राय: ९,९०० चिहान वरिपरि पर्खाल निर्माणका लागि १,३८७ करोड़ रुपियाँ विनियोजन गरेको छ।
- हाम्रो सरकारले अल्पसंख्यक युवाहरूमाझ आत्मनिर्भरता र व्यावसायिक अवसरहरू विस्तार गर्न ३,९०० करोड़ रुपियाँ लगानी गरेको छ।
- अल्पसंख्यक बहुल क्षेत्रहरूमा सीप अभिवृद्धि गर्न र जीविकोपार्जनका अवसरहरूलाई सुदृढ़ पार्न २७ वटा इण्डस्ट्रियल ट्रेनिङ इन्स्टीट्यूट (ITI) अनि ५ वटा पलिटेक्निकहरू स्थापना गरिएका छन्।

आउँदा वर्षहरूमा हामीले गर्ने भनी दिएको आश्वासन :

* वक्फ सम्पत्तिको संरक्षण र कार्यकारी प्रयोग:
  स्वास्थ्य र शैक्षिक संस्थाहरूको स्थापनासहित समुदायको सामान्य कल्याण र सशक्तिकरणका लागि राज्यभरिका वक्फ सम्पत्तिहरूको संरक्षण, विकास र उपयोगको लागि प्रभावकारी पाइला चालिनेछ।

* आलिया विश्वविद्यालयमा रोजगारमुखी पाठ्यक्रमहरूको विस्तार:
  आलिया विश्वविद्यालयमा एलएलबी, आर्टिफिसियल इण्टेलिजेन्स, प्यारामेडिक र एमएड जस्ता नयाँ पाठ्यक्रमहरू शुरू गरिनेछ, जसले अल्पसंख्यक विद्यार्थीहरूका लागि उच्च शिक्षाका अवसरहरूलाई अझ विस्तार गर्नेछ।

* अल्पसंख्यक बहुल क्षेत्रहरूमा कारिगरी प्रशिक्षण संस्थाहरूमा सफ्ट स्किल तालीम शुरू गरिनेछ :
  राज्यको वर्तमान सीप अभावलाई मेटाउन र अल्पसंख्यक युवाहरूलाई रोजगारका लागि उपयोगी बनाउन अल्पसंख्यकबहुल क्षेत्रहरूमा रहेका २७ इण्डस्ट्रियल ट्रेनिङ इन्स्टीट्यूट-मा सफ्ट स्किल तालीम चालु गरिनेछ।

* अल्पसंख्यक समुदायका लागि विशेष सांस्कृतिक केन्द्रहरू:
  धार्मिक अल्पसंख्यक समुदायहरूलाई आफ्नो समृद्ध संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नमा सहायता पुर्याउन राज्य सरकारले आफ्नो पहलमा एउटा विशेष सांस्कृतिक केन्द्र स्थापना गर्नेछ।





८. आवास अनि क्षेत्र विकास

मुख्य लक्ष्य:

- थप ३० लाख परिवारलाई सहयोग प्रदान गरेर आउँदो ५ वर्षभित्र पक्की घरहरू प्रदान गराइनेछ, जसले राज्यका सबै परिवारका लागि मर्यादापूर्ण आवास सुनिश्चित हुनेछ।

हाम्रो सफलता :

» पछिल्लो १५ वर्षमा पश्चिम बंगालमा १ करोड़ परिवारले मर्यादापूर्ण वासस्थान पाएका छन्।

» मां-माटी-मानुष सरकारद्वारा पूर्णरूपमा वित्तपोषित बाङ्लार बाड़ी (ग्रामीण) परियोजनाअन्तर्गत पश्चिम बंगालका १२ लाख परिवारलाई १४,४०० करोड़ रुपियाँको लागतमा आवास प्रदान गरिएको छ। बाङ्लार बाड़ी (ग्रामीण) परियोजनाको दोस्रो चरणमा थप २० लाख परिवारलाई सहयोग प्रदान गरिएको छ, जसका लागि १९,७०० करोड़ रुपियाँभन्दा बढ़ी खर्च गरिनेछ।

» शहरी क्षेत्रहरूमा घरबारविहीनहरूका लागि लगभग १८,००० करोड़ रुपियाँको लागतमा ५.२० लाखभन्दा धेर घरहरू निर्माण गरिएको छ।

» पश्चिम बंगाल सरकारको चिया सुन्दरी र चिया सुन्दरी विस्तार योजनाको माध्यमले २८,५०० भन्दा बढ़ी चियाकमानका श्रमिकहरूलाई टाउकोमाथि छानो प्रदान गरिएको छ।

» गीताञ्जलि परियोजनाअन्तर्गत ३,५०० करोड़ रुपियाँभन्दा बढ़ी लागतमा लगभग ३.८४ लाख घरहरू प्रदान गरिएको छ।

आउँदा वर्षहरूमा कामहरु पूरा गर्ने आश्वासन दिँदछु :

❋ आउँदो ५ वर्षमा प्रत्येक परिवारलाई पक्की घर सुनिश्चित गरिने:
पश्चिम बंगाल सरकारले विगत १५ वर्षमा लगभग १ करोड़ घरहरू प्रदान गरेको छ र आउँदो ५ वर्षमा थप ३० लाख परिवारहरूलाई घर निर्माणमा सहयोग प्रदान गर्नेछ; जसमा सबै २.५ करोड़ परिवारहरूको टाउकोमा छाना हुने कुरा सुनिश्चित गर्न सकियोस्।

❋ एउटा सामग्रिक क्षेत्र विकास परियोजनाको परिचय:
प्रत्येक छिमेक वा क्षेत्रलाई सबैका लागि सफा, हरियो र जीवन्त सार्वजनिकस्थल वा खुला ठाउँमा रूपान्तरण गर्न जनमुखी क्षेत्रर नवीकरण अभियान शुरू गरिनेछ। यसअन्तर्गत, ल्याण्डस्केप पार्क, पैदल मार्ग, सुन्दर सड़क, खेल मैदान, ओपन एयर जिम, नर्सरी, भित्ते चित्र (म्युराल) र कम्युनिटी प्लाजा निर्माण गरिनेछ।

❋ फोहोर व्यवस्थापन र सर-सफाईमा सुधार:
विभिन्न नगरपालिकाहरूमा नौ नयाँ फोहोर प्रशोधन प्लाण्टहरू स्थापना गरिनेछ र बंगालभरि अझ सफा र हरियाली क्षेत्रहरू सुनिश्चित गर्न एउटा सामग्रियां फोहोर व्यवस्थापन कार्ययोजना ग्रहण गरिनेछ।





१. कृषि सामग्रिक

मुख्य लक्ष्यहरू:

- कृषि अनि सम्बद्ध क्षेत्रहरूलाई सुदृढ़ पार्न ३०,००० करोड़ रुपियाँको एउटा छुट्टै कृषि बजट चालु गरिनेछ, जसमा भूमिहीन कृषि श्रमिकहरूका लागि वार्षिक ४,००० रुपियाँको सहायता र यस क्षेत्रको सामग्रिख विकाससँगै कृषक परिवारहरूलाई निरन्तर सहयोग प्रदान गरिनेछ।

- कृषकहरूको आय वृद्धि गर्न र कृषिजन्य उत्पादनहरूको भ्यालु चेन सुदृढ़ गर्न फसल काटेपछिको पूर्वाधार विस्तार गरिनेछ र धानको समर्थन मूल्य प्रति क्विण्टल २,५०० रुपियाँ गरिनेछ। यस पूर्वाधार विकासमा ५० वटा नयाँ शीतभण्डार सुविधाहरूको निर्माण पनि समावेश छ।

हाम्रो सफलता:

» राज्यका १.१० करोड़ कृषकहरूलाई कृषकबन्धु (नयाँ) परियोजनामार्फत आर्थिक सहायता प्रदान गरिएको छ।

» बंगालको बाली बीमा योजनाले १.१३ करोड़ कृषकहरूलाई बाली हानिबाट जोगाएको छ।

» बंगालमा सिँचाइ कार्यको परिधि बढ़ाएर लगभग ६५% खेतीयोग्य जमीनमा विस्तार गरिएको छ।

» विगत १५ वर्षमा कृषिमा राज्यको खर्च ९.१६ गुणा बढ़ेको छ।

» सरकारले ५५ लाख मेट्रिक टन धान सीधै किनेकोले १६ लाख साना तथा सीमान्त कृषक लाभान्वित भएका छन्।

» कृषिमा सहयोग पुऱ्याउन माटो सिर्जना परियोजनाअन्तर्गत ४२,००० ऐकर बाँझो जमीनलाई खेतीयोग्य बनाइएको छ।

» हाम्रो राज्यमा कृषक आत्महत्याको संख्या २०२१ देखि शून्य रहेको छ।

» हाम्रो राज्य क्रपिङ इण्टेन्सिटी (१९४%) र धान उत्पादन (प्रति वर्ष २५६ लाख मेट्रिक टन) को हिसाबले देशमा पहिलो स्थानमा छ। यसका साथै हाम्रो राज्य देशको नम्बर १ जुट उत्पादक हो र आलु, साग-सब्जी, चिया, माछा र मासु उत्पादनमा देशमा दोस्रो स्थानमा छ।

» हाम्रो राज्य देशका सबै राज्य र केन्द्रशासित प्रदेशहरूमध्ये मकै र धान उत्पादनमा पहिलो स्थानमा छ।

» राज्य-समर्थित कृषि यान्त्रीकरण योजनाअन्तर्गत कृषकहरूलाई आधुनिक कृषि यन्त्रपाती उपलब्ध गराउन विशेष जोर दिएर बंगालमा कृषि कार्यका लागि ऊर्जाको उपलब्धता विगत १५ वर्षमा प्रतिहेक्टर १.३७ किलोवाटबाट बढ़ेर २.४७ किलोवाट पुगेको छ।

» फसल काटेपछि त्यसको भण्डारणका लागि उन्नत पूर्वाधार सुनिश्चित गरेर हाम्रो राज्य शीतभण्डारहरूको संख्याको हिसाबले देशमा पहिलो स्थानमा छ।

» माछा मार्ने मौसम बन्द हुँदा हामीले समुद्र साथी योजनाअन्तर्गत समुद्री माझीहरूलाई रु. ५,०००/- को आर्थिक सहायता प्रदान गरेका छौँ।

» हामीले राज्यका ८५ वटा चियाकमानहरू पुन: खोल्ने सुनिश्चित गरेका छौँ।

» हाम्रो सरकारले ग्रामीण कृषि श्रमिकहरूको ज्याला २०११ सालको १६७.०७ रुपियाँबाट २०२४ सालमा दोब्बर गरी ३४७.२० रुपियाँ पुऱ्याएको छ।

आउँदा वर्षहरूमा हामीले निम्न कामहरू गर्ने आश्वासन दिँदछु:

❋ आउँदो आर्थिक वर्षमा ३०,००० करोड़को एउटा निर्दिष्ट कृषि बजट प्रस्तुत गरिनेछ:

आउँदो आर्थिक वर्षदेखि कृषि तथा अन्य सम्बन्धित क्षेत्रहरूको समग्र विकास सुनिश्चित गर्ने र निम्न कुराहरूको प्रावधान सुनिश्चित गर्ने विशेष कृषि बजट प्रस्तुत गरिनेछ :

- कृषि श्रमिकहरूका लागि प्रतिवर्ष रु. ४,०००/- आर्थिक सहयोग।
- सरकारी ट्युबवेल र आरएलआई प्रयोग गर्दा सिँचाइ खर्च पूर्ण मिनाह गरिनेछ।
- यस क्षेत्रमा हाल सञ्चालनमा रहेका सबै परियोजनाहरू र सहयोग संयन्त्रहरूलाई अझ बलियो अनि दिगो बनाइनेछ।

❋ धान क्रयमूल्य प्रति क्विण्टल २,५०० रुपियाँ गरिनेछ:

कृषकहरूले तोकिएको न्यूनतम समर्थन मूल्य (MSP) भन्दा अतिरिक्त लाभ प्राप्त गर्न सकुन् भनी धानको सरकारी क्रयमूल्य हालको २,३६९ रुपियाँबाट बढ़ाएर २,५०० रुपियाँ गरिनेछ। यसका साथै विकेन्द्रिकृत धान संकलन केन्द्रहरूको

संख्या बढ़ाइनेछ र कृषकहरूको डिजिटल दर्ता प्रक्रियामा थप सुधार गरिनेछ। गरीबीका कारण साना तथा सीमान्त कृषकहरू आफ्नो धान बेच्न बाध्य नहुन् भनेर समयमै भुक्तानी सुनिश्चित गरिनेछ। साथै निर्यातयोग्य उच्च गुणस्तरको चामल प्रशोधनका लागि विशेष पहल गरिनेछ।

* मकै र तेलबीज उत्पादनमा आत्मनिर्भरता प्राप्त गर्ने र खेतीमा विविधीकरण गरिने:
राज्यको बढ्दो माग पूरा गर्न र उत्पादनमा १०० प्रतिशत आत्मनिर्भरता प्राप्त गर्न मकै, तेलबीज र दाना बालीको खेतीमा विशेष जोर दिइनेछ। यसले कृषिमा विविधीकरण ल्याउनेछ। यसका साथै आलु, हाइब्रिड मकै, दाल र उच्च गुणस्तरको तेलबीज स्थानीय रूपले उत्पादनमा गर्नमा पनि विशेष ध्यान दिइनेछ।

* हार्टिकल्चर बालीहरूको पछिको पूर्वाधार विस्तार र सुदृढ़ीकरण गरिने:
विशेष गरी बघैंचा बाली, फलफूल र तरकारीहरूका लागि फसल काटेपछिको पूर्वाधार र प्रशोधन सुविधाहरू सुधार गर्नमा प्राथमिकता दिइनेछ। यसले कृषकहरूको आय र कृषिमा आधारित अर्थनीति अझ उन्नत हुनेछ।

* राज्यमा ५० वटा नयाँ शीतभण्डार स्थापना गरिनेछ:
राज्यको अतिरिक्त कृषि उत्पादन र बघैँचा बालीहरूको संरक्षण गर्न पश्चिम बंगाल सरकारले राज्यभरि उपयुक्त स्थानहरूमा पीपीपी मोडल अन्तर्गत ५० वटा नयाँ शीतभण्डार सुविधाहरू स्थापना गर्नेछ। यस परियोजनामा वातावरणमैत्री हरित ऊर्जाको प्रयोगमा विशेष जोर दिइनेछ।

* २०२७ सम्म हरियो चियापत्तीमा लाग्ने कृषि आयकरमा छूट दिइने:
राज्यका साना चियाकमान मालिकहरूको हितमा हरियो चियापत्तीमा कृषि आयकर छूटलाई थप एक वर्ष अर्थात् मार्च ३१, २०२७ सम्म बढ़ाइनेछ। यसका साथै चिया उत्पादनमा सेस छूटको लाभ पनि मार्च ३१, २०२७ सम्म जारी रहनेछ।

* डायमण्ड हार्बर-मा इलिस हब विकास गरिनेछ:
इलिस माछासँग पश्चिम बंगालको गहिरो सांस्कृतिक सम्बन्ध छ तर जलवायु परिवर्तन र बंगलादेशसँगको जटिल पानी बाँड़फाँड़ सम्झौताका कारण बंगालले आफ्नो प्यारो इलिस माता पर्याप्त मात्रामा पाउन सकिरहेको छैन। यह समस्याको हल निकाल्न डायमण्ड हार्बर-मा इलिस माछा पालनमा विशेष जोर दिइनेछ। यो काममा उत्साह प्रदान गर्न मत्स्यजीवीहरूलाई विशेष छूट प्रदान गरिनेछ।





१०. उद्योग

मुख्य लक्ष्यहरु :

- पाँचवटा नयाँ मल्टिमोडल लजिस्टिक पार्कहरू स्थापना गरेर र सामान ढुवानीको प्रवेशद्वारको रूपमा राज्यको महत्त्वपूर्ण स्थानलाई अझ सुदृढ़ पार्दै बंगाललाई २०३१ सालको मध्यसम्ममा ३० बिलियन अमेरिकी डलरको लजिस्टिक हब-को रूपमा विकास गरिनेछ।

- एक्सपोर्ट प्रमोशन पोलिसी र लजिस्टिक तथा औद्योगिक पूर्वाधारको विस्तारमार्फत बंगालको निर्यात आउँदो पाँच वर्षमा दोब्बर गरी २०३०-३१ सालसम्ममा व्यापारिक निर्यातको परिमाण १७ बिलियन अमेरिकी डलर (१.५४ लाख करोड़ रुपियाँ) मा पुर्याइनेछ।

हाम्रो सफलता:

» पश्चिम बंगाल भारतको नयाँ सिमेण्ट हब-को रूपमा देखा परेको छ। राज्यमा ३० भन्दा बढ़ी वृहद् सिमेण्ट कारखानाहरू सञ्चालनमा छन्। ग्रीन सिमेण्ट उत्पादनमा बंगाल अझै पनि शीर्ष स्थानमा छ।

» देशको सबैभन्दा ठूलो लेदर कम्प्लेक्स, सबैभन्दा ठूलो गार्मेण्ट क्लस्टर, सबैभन्दा ठूलो होसियारी पार्क, सबैभन्दा ठूलो फाउण्ड्री पार्क र एउटा अग्रणी रेलवे म्यानुफ्याक्चरिङ हब-को माध्यमले हामी सफलतापूर्वक एउटा प्रमुख उत्पादन केन्द्रको रूपमा देखा परेका छौँ।

» स्टील र इञ्जिनियरिङ उद्योगहरूमा तीव्र विस्तार देखिएको छ। आर्थिक वर्ष २०२४ सालमा स्टील उत्पादन ११ मिलियन टन पुगेको थियो, जुन वार्षिक रूपमा लगभग १२% दरले बढ़ेको छ। स्टील अहिले राज्यको एउटा शीर्ष निर्यात वस्तु बनेको छ।

» हाल २०० भन्दा बढ़ी औद्योगिक पार्कहरू विभिन्न क्षेत्रहरूमा सञ्चालनमा छन्, जसले बलियो औद्योगिक पारिस्थितिक प्रणाली सिर्जना गर्दै विश्वस्तरीय ब्राण्ड-हरूलाई आकर्षित गरिरहेका छन्।

» अप्रेलदेखि अक्टोबर २०२५ सालको अवधिमा औद्योगिक उत्पादन सूचकांक (II P) (उत्पादन) को वृद्धि दर ५.८% छ, जुन राष्ट्रिय स्तरको ३.९% को वृद्धि दरभन्दा उल्लेखनीय रूपमा बढ़ी छ।

» तीव्र आर्थिक वृद्धिका लागि तृणमूल कंग्रेस सरकारले राज्यमा ६ नयाँ आर्थिक करिडोरहरू (रघुनाथपुर-ताजपुर, डानकुनी-कल्याणी, डानकुनी-झारग्राम, डानकुनी-कोचबिहार, खड़गपुर-मोरग्राम, पुरुलियाको गुरुड़ीदेखि कलकत्तिको जोकासम्म) सिर्जना गरेको छ।

» बंगाल देशको एउटा माल राज्य हो, जसले क्लिन फ्युल कोल बेड मिथेन निकाल्ने गर्छ र चाँड़ै हामी शेल ग्यास निकाल्न तयार हुनेछौँ। यसका साथै, औद्योगिक क्षेत्रमा स्वच्छ ऊर्जाको प्रयोगलाई अझ बढ़ाउन अशोकनगरमा प्राकृतिक ग्यास निकासी प्लाण्ट पनि निर्माण भइरहेको छ।

» हाम्रो राज्य सक्रिय दर्ता भएका कम्पनीहरूको हिसाबले दोस्रो स्थानमा छ। बंगालमा प्रति कारखाना औसत नाफा विगत १५ वर्षमा ५.४६ गुणा बढ़ेको छ।

» राज्यको आईटी क्षेत्रमा विभिन्न आईटी र आईटीईएस कम्पनीहरूमा २ लाखभन्दा बढ़ी युवक-युवतीहरू कार्यरत छन्।

» विश्वको दोस्रो ठूलो कोइला खानी, देउचा पञ्चमी, वीरभूममा निर्माण भइरहेको छ, जसले १ लाख रोजगार सिर्जना गर्नेछ।

» पुरुलियाको जंगलसुन्दरी कर्मनगरी ७.७५ लाख रोजगारका अवसरहरू सिर्जना गर्ने तयार छ।

» ३०,००० करोड़ रुपियाँको लगानी र ७५,००० आईटी श्रमिकहरूको रोजगारका साथ बंगाल सिलिकन भ्याली-ले हाम्रो डिजिटल भविष्यलाई आकार दिइरहेको छ।

» बंगाल भारतको एउटा वृहत्तम डाटा सेण्टर हब-को रूपमा उदाइरहेको छ।

आउँदा वर्षहरुमा हामीले काम गर्ने कामहरुको आश्वासन दिंदछु:

❋ बंगाललाई भारतको लजिस्टिक हब-को रूपमा देखाउनु :

२०३१ सालसम्ममा राज्यको लजिस्टिक क्षेत्रलाई ३० बिलियन डलरको सम्पदामा परिणत गर्न बंगालमा कम्तीको पनि ५ वटा नयाँ मल्टिमोडल लजिस्टिक पार्क-हरू स्थापना गरिनेछ। पश्चिम बंगालको रणनीतिक स्थान र व्यापक सड़क सम्पर्क व्यवस्थाले वस्तु भण्डार र यातायातको सुविधा प्रदान गर्दछ ।

* पश्चिम बंगाल सबैभन्दा ठूलो डाटा सेण्टर हब-को रूपमा देखा पर्नेछ:

भारतको डिजिटल पूर्वाधारको मेरुदण्डको रूपमा आफूलाई स्थापित गरेर पश्चिम बंगालले आफ्नो रणनीतिक भौगोलिक स्थान, भरपर्दो ऊर्जा प्रणाली, उच्च-गतिको इण्टरनेट सेवाहरू र सक्रिय लगानी नीतिहरूलाई काममा लगाउनेछ।

* आउँदो पाँच वर्षमा बंगालको निर्यात दोब्बर गरिनेछ:

पश्चिम बंगाल निर्यात विकास नीति र पश्चिम बंगाल लजिस्टिक सेक्टर विकास नीति लागू गरेर हामी २०३१ सालसम्ममा भारतको मोठ वार्षिक निर्यातमा राज्यको अंश दोब्बर हुने कुरा सुनिश्चित गर्नेछौँ। २०३०-३१ सालसम्ममा व्यापारिक निर्यात १७ बिलियन अमेरिकी डलर (१,५४,२८८ करोड़ रुपियाँ) पुऱ्याइनेछ। सँगसँगै आईटी, फिनटेक, लजिस्टिक र ग्लोबल क्यापाबिलिटी सेण्टर-हरूले निर्यात वृद्धिको अर्को चरणलाई अघि बढ़ाउनेछन्।

* बंगालको औद्योगिक र कर्पोरेट परिधिको विस्तार:

२०३० सम्ममा अनुबन्धित कम्पनीहरूको संख्या ३,००,००० पुग्नेछ र कारखानाहरूको संख्या ११,००० मा अग्रसर गरिनेछ।

* समझदारीपत्र(MOU)-को कार्यान्वयन सुनिश्चित गर्न र लगानी कोषलाई द्रुत रूपमा पूर्वाधारगत क्षेत्रमा रूपान्तरण गर्न एउटा स्पेशल पर्पोज व्हिकल (बंगालको उद्योग एक्सिलेरेटर) गठन गरिनेछ:

यस स्पेशल पर्पोज व्हिकल-ले द्रुत स्वीकृति, जिल्लास्तरीय सहयोग, विभिन्न विभागहरूमाझ समन्वय र नियमित अनुगमन र त्रुटिहरूको सुधारमार्फत उद्योगका MOU हरूलाई वास्तविक परियोजनाहरूमा रूपान्तरण गर्ने कुरा सुनिश्चित गर्नेछ।

* वर्तमान ऊद्योग अनि आर्थिक करिडोरहरू-को विस्तार:

राज्यको प्रत्येक भागमा औद्योगिक विकासको गति बढ़ाउन बंगालका हालका ६ औद्योगिक तथा आर्थिक करिडोर (रघुनाथपुर-ताजपुर, डानकुनी-कल्याणी, डानकुनी-झारग्राम, डानकुनी-कोचबिहार, खड़गपुर-मोड़ग्राम, पुरुलियाको गुरुड़ीदेखि कलकत्ताको जोकासम्म)- हरू विस्तार गरिनेछ।

* प्राथमिकताको आधारमा जंगलसुन्दरी कर्मनगरी परियोजना कार्यान्वयन:

पुरुलियाको रघुनाथपुरमा एउटा अभूतपूर्व ग्रीनफिल्ड औद्योगिक पार्क विकास गर्न जंगलसुन्दरी कर्मनगरी परियोजनाको कामलाई तीव्रता दिइनेछ। यस पहलले राज्यमा ७ लाखभन्दा बढ़ी रोजगार सिर्जना हुनेछ।

* ५ लाख कारीगरहरूलाई सहयोग गर्न दुई नयाँ रत्न तथा आभूषण औद्योगिक पार्कहरू सिर्जना गरिनेछ:

बंगाल सुन, ताँबा र चाँदीका गहनाहरू बनाउनेमा बंगाल एउटा शीर्षस्थानीय राज्य हो, विशेष गरी तारको सूक्ष्म कारीगरी गरिएको गहना मुख्यतया बंगालमा पाइन्छ। उत्पादन बढ़ाउन अनि स्थानीय कारीगरहरूलाई विश्वस्तरीय गहना व्यापारीहरूसँग जोड़्न हावडा र हुगलीमा दुई समर्पित रत्न तथा आभूषण औद्योगिक पार्कहरू स्थापना गरिनेछ।





११. सूक्ष्म, साना तथा मझौला उद्यम (MSME)

मुख्य लक्ष्यहरू:

- आउँदो ५ वर्षमा ६० लाख नयाँ उद्योगहरू सिर्जना गरी एमएसएमई-हरूको संख्या ९० लाखबाट बढ़ाएर १.५ करोड़ पुऱ्याई बंगालाई एमएसएमई एकाइहरूको संख्याको हिसाबले नम्बर १ राज्यको रूपमा स्थापित गरिनेछ।

- ३०० नयाँ एमएसएमई क्लस्टर र ४ वटा जोनल एमएसएमई एक्सपोर्ट हब स्थापनामार्फत राज्यभरि ५ लाख नयाँ उद्योगपतिहरूको उदयलाई सक्षम बनाएर उद्योग -धन्दा र निर्यातलाई अझ सुदृढ़ गरिनेछ।

हाम्रो सफलता:

» पश्चिम बंगालमा ९० लाखभन्दा बढ़ी सक्रिय एमएसएमई-हरू छन्। हामी सक्रिय एमएसएमई-हरूको संख्याको हिसाबले भारतभरिमा दोस्रो र महिला स्वामित्वमा रहेका एमएसएमई-हरूको हिसाबले पहिलो स्थानमा छौँ।

» २०११ सालमा ४९ क्लस्टर-हरू रहेको एमएसएमई क्लस्टर-हरूको संख्या १४ गुणा बढ़ेर फरवरी २०२६ सम्ममा ७१० भन्दा बढ़ी पुगेको छ।

» सरकारी स्वामित्वमा रहेका एमएसएमई औद्योगिक पार्कहरूको संख्या २०११ सालको २९ पार्कबाट बढ़ेर २०२६ सालमा ५४ पुगेको छ, जसमा इण्टिग्रेटेढ टेक्सटाइल पार्क, विशिष्ट सिल्क पार्क र एग्रो इण्डस्ट्रियल पार्क आदि सामेल छन्।

» राज्यस्तरीय ब्यांकर्स समिति (SLBC) मार्फत हाम्रो सरकारको हस्तक्षेपको कारण एमएसएमई क्षेत्रमा ब्यांक ऋण प्रवाह १६ गुणा बढ़ेर २०११ सालको १२,३०० करोड़ रुपियाँबाट दिसम्बर २०२५ हालसम्ममा २ लाख करोड़ रुपियाँ भएको छ।

» २०११ सालभन्दा पहिले एउटा पनि सरकार समर्थित औद्योगिक पार्कह थिएन तर आज ४७ वटा त्यस्ता पार्कहरू छन्।

» भारतको सबैभन्दा ठूलो लेदर पार्क, कर्मदिगन्त पश्चिम बंगालको बान्तलामा अवस्थित छ, जसले ५ लाखभन्दा बढ़ी मानिसहरूलाई रोजगार प्रदान गर्दछ।

» स्व-निर्भर समूहहरूलाई मार्केटिङ सहयोग प्रदान गर्नका लागि हाम्रो सरकारले ४० वटा मार्केटिङ कम्प्लेक्स/हाटहरू स्थापना गरेको छ; जसमा बोलपुरमा विश्व क्षुद्र बजार, अलिपुरमाको लेदर एण्ड कटेज प्रोडक्ट मार्केटिङ हब - शिल्पन्ना, न्यूटाउनमा बाङ्लार हाट र राज्य भित्र र बाहिर विश्व बाङ्ला र बाङ्लार साड़ी ब्रानण्डहरू बेच्ने जम्मा ३६ पसलहरू सामेल छन्।

» विगत ११ वर्षमा राज्यका ताँतीहरूलाई लगभग १,१७,००० तान वितरण गरिएको छ।

» सरकारी सहयोगमा १,५०० भन्दा बढ़ी आधुनिक पावरलुम-हरू स्थापना गरिएका छन्, जसले गर्दा लुगाको वार्षिक उत्पादन बढ़ेर १० करोड़ मिटर पुगेको छ।

आउँदा वर्षहरुमा हामीले निम्न कामहरू गर्ने आश्वासन दिँदछु:

* एमएसएमई एकाइको दिशामा बंगाललाई नम्बर १ राज्यको रूपमा स्थापित गर्ने:
  पश्चिम बंगाल हाल ९० लाखभन्दा बढ़ी युनिट-सहित एमएसएमई युनिट-को हिसाबले दोस्रो स्थानमा छ। आउँदो ५ वर्षमा ६० लाख नयाँ युनिट-हरू सिर्जना गरी यो संख्या १.५ करोड़ पुऱ्याइनेछ, जुन देशमै सबैभन्दा बढ़ी हुनेछ।

* एमएसएमई क्लस्टर अनि उद्योग-धन्दाको विस्तार:
  राज्यभरि ३०० नयाँ एमएसएमई क्लस्टरहरू स्थापना गरेर आउँदो ५ वर्षमा बंगालबाट ५ लाख उद्योगपतिहरू सिर्जना गरिनेछ। एमएसएमई-हरूका लागि १५ लाख करोड़ रुपियाँको क्रेडिट फ्लो सुनिश्चित गरिनेछ।

* १५० नयाँ औद्योगिक पार्कहरूको स्थापना:
  आर्थिक वृद्धिलाई तीव्र बनाउन र नयाँ उद्योगपतिहरूलाई सबै प्रकारको सुविधा प्रदान गर्न राज्यमा १५० वटा नयाँ पूर्ण रूपमा सुसज्जित इण्डस्ट्रियल पार्कहरू सिर्जना गरिनेछ।

* निर्यात बढ़ाउन जोनल एमएसएमई एक्सपोर्ट हब स्थापना:
  हावड़ा, दुर्गापुर, बहरमपुर र सिलगढ़ीमा चार जोनल एमएसएमई एक्सपोर्ट हब स्थापना गरेर वस्त्र-पोशाक, छाला, रत्न अनि आभूषण, इञ्जिनियरिङ र हस्तकला जस्ता उच्च सम्भावना भएका क्षेत्रहरूमा निर्यात बढ़ाउन विशेष जोर दिइनेछ।

❋ नेचुरल फाइबर रिभाइभल मिशन:

बन्द हुने अवस्थामा रहेका जुट मिलहरूलाई पुनः शुरू गर्न र जुट उत्पादनहरूलाई अझ बढ़ी बजारयोग्य र लोकप्रिय बनाउन ठूलो मात्रामा जुट उद्योग पुनरुत्थान अभियान सञ्चालन गरिनेछ। यसका साथै अन्य प्राकृतिक प्रविधि र वस्त्रहरूको पुनरुत्थान र प्रवर्द्धनमा बढ़ी जोर दिइनेछ।

❋ राज्यको अद्वितीय कलाकृतिका लागि 'मेड इन बेंगल'-लाई मान्यता:

राज्यको आफ्नो र अद्वितीय कलाकृतिहरूलाई परिचित गराउन, स्वीकृति दिन र तिनीहरूको प्रचार-प्रसार गर्न 'मेड इन बेंगल' सम्मान चालु गरिनेछ। यस पहलमार्फत, उत्पादनहरूको विशिष्टता र वास्तविक पहिचान सुनिश्चित गरिनेछ र प्राचीन नक्काशी शिल्पहरूको संरक्षण गरिनेछ। यसले स्थानीय कारीगरहरूको जीविकोपार्जन पनि सुदृढ़ हुनेछ। यसमा तुलैपाञ्जी चामल, विष्णुपुरी बिलुचरी, टेराकोटा मूर्ति, डोकरा कला जस्ता परम्परागत उत्पादनहरू समावेश हुनेछन्। साथै समावेशीकरणको लागि सर्वेक्षणमार्फत पहिचान गरिएका नयाँ उत्पादनहरूको विस्तृत शृंखला पनि यसमा समावेश गरिनेछ।

❋ 'विश्व बाङ्ला' को अन्तरराष्ट्रिय मर्यादा र उपस्थितिलाई अझ शक्तिशाली पारिने:

बंगालको श्रेष्ठ ताँत उद्योग, हस्तशिल्प, कृषिजन्य वस्तु र सुजनशील उद्योगलाई विश्वपटलमा राख्न विश्व बाङ्लालाई एक प्रिमियम अन्तरराष्ट्रिय ब्राण्डनको रूपमा विकास गरिनेछ। यस पहलमा समावेश हुनेछन्:

- अन्तरराष्ट्रिय खुद्रा मार्केटिङ कम्पनीहरूसँग साझेदारी
- ई-कमर्सको परिधि थप विस्तार गरिने
- अन्तरराष्ट्रिय व्यापार मेलाहरूमा सहभागिता
- GI ट्याग प्राप्त गरेका उत्पादनहरूको व्यापक प्रचार
- उत्पादन गुणस्तर नियन्त्रण र प्रमाणीकरण प्रणालीलाई कड़ाइका साथ लागू गरिनेछ
- समकालीन डिजाइनमा नौलोपन ल्याउन र आविष्कारहरू ल्याउने र ठूलो प्रकारको ब्राण्डिङ प्रचार गरिनेछ

राज्यको आफ्नो र अद्वितीय कलाकृतिहरूलाई परिचित गराउन, स्वीकृति दिन र तिनीहरूको प्रचार-प्रसार गर्न 'मेड इन बेंगल'





१३. स्वास्थ्य सेवा

मुख्य लक्ष्यहरु:

- प्रत्येक ब्लक र शहरमा ब्लक-स्तरीय स्वास्थ्य केन्द्रहरूमा वार्षिक दैलोमा चिकित्सा शिविरहरू आयोजना अनि गाउँहरूमा उचित मूल्यमा औषधि पसलहरू स्थापना गरेर सबैका लागि सुलभ र सस्तो स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

- स्वास्थ्य साथीले अस्पतालको नेटवर्क विस्तार गरेर प्रत्येक जिल्लामा आधुनिक चिकित्सा पूर्वाधारसँगै एउटा मेडिकल कलेज र अस्पतालको सुविधा सुनिश्चित गरी उन्नत स्वास्थ्य सेवाको पूर्वाधार वा क्षमतालाई अझ सुदृढ़ गरिनेछ।

हाम्रो सफलता:

» २०११ देखि बंगालमा स्वास्थ्य क्षेत्रमा सरकारी खर्च ६ गुणा बढ़ेको छ।

» स्वास्थ्य साथी परियोजनाअन्तर्गत २.४५ करोड़ परिवारका ८.७२ करोड़ मानिसहरूले स्वास्थ्य बीमाको सुविधा प्राप्त गरेका छन्। राज्यका लगभग ८५% परिवारहरू यस परियोजनाअन्तर्गत पर्दछन्।

» स्वास्थ्य पूर्वाधार सुदृढ़ीकरण गर्न लगभग ७०,००० करोड़ रुपियाँ लगानी गरिएको छ। यसको साथै १४ नयाँ सरकारी मेडिकल कलेज, ४२ सुपर-स्पेशलिटी अस्पताल, १३,५०० भन्दा बढ़ी स्वास्थ्य केन्द्र, ७६ सीसीयू, ३ एचडीयू, १७३ आमा र शिशु केन्द्रहरू, १३ आमाहरूको प्रतीक्षालयहरू, ११७ सुपथ मूल्य औषधि पसल र १५८ वटा नि:शुल्क डाइगोनिस्टिक सेण्टरहरू तयार गरिएका छन्।

» हाम्रो राज्यमा सरकारी अस्पतालको शैयाको संख्या २०११ सालको ७१,२०० बाट ३६.२५% बढ़ेर ९७,००० पुगेको छ।

» बंगालको टेलिमेडिसिन पहलबाट एउटा स्वास्थ्य सेवाअन्तर्गत ७ करोड़भन्दा बढ़ी परामर्श दिइएको छ।

» एमबीबीएस सिट संख्या १,३५५ बाट बढ़ेर ६,३४९ पुगेको छ।

» स्वास्थ्य बन्धु परियोजनामार्फत जनताको घर-दैलोमा स्वास्थ्य सेवा पुऱ्याउन २१० वटा मोबाइल मेडिकल युनिटहरू चालु गरिएको छ।

» शिशु साथी परियोजनाअन्तर्गत ६४ हजार नानीहरूले जीवनदायी मुटुको शल्यक्रियाको सुविधा पाएका छन्।

» उज्यालोको आँखा परियोजना अन्तर्गत २६ लाख मानिसहरूले नि:शुल्क मोतीबिन्दु शल्यक्रिया प्राप्त गरेका छन् भने ३४ लाख मानिसहरूले नि:शुल्क चश्मा प्राप्त गरेका छन्।

» नर्सिङ तालीम संस्थाहरूमा मोठ आसन संख्या २,२६५ बाट बढ़ेर २८,५४७ पुगेको छ।

» २०२५ मा, बंगालमा संस्थागत प्रसव दर ९९.१३% पुग्यो। मातृ मृत्युदर घटेर १०४ भयो अनि शिशु मृत्युदर प्रत्येक १००० जनामा १७ मा झर्यो।

» पश्चिम बंगाल सरकारको पहलमा कलकत्ताको स्कूल अफ ट्रपिकल मेडिसिन-मा भारतको पहिलो सरकारी अनुदानप्राप्त कर्ड ब्लड ब्यांक (स्टेम सेल संरक्षण केन्द्र) स्थापना गरिएको छ।

आउँदा वर्षहरूमा हामीले गर्ने कामहरूको आश्वासन दिँदछु:

❋ प्रत्येक ब्लक र शहरमा वर्षमा एक फटक दैलोमा चिकित्सा शिविरहरू आयोजना गरिनेछ :
राम्रो गुणस्तरीय स्वास्थ्य सेवा, केस-बाई-केस रेफरेल, औषधि अनि एउटा सुनिर्दिष्ट रोगी ट्र्याकिङ र सहायता व्यवस्थामार्फत अघिल्लो उपचारको अवसर सुनिश्चित गरिनेछ, जसमा कुनै पनि रोगी उपचारबाट वञ्चित नरहोस्।

❋ प्रत्येक ब्लकमा उचित मूल्यका औषधि पसलहरू:
नागरिकहरूलाई सस्तो औषधि उपलब्ध गराउन र औषधिको मूल्य घटाउन ब्लक-स्तरमा सबै प्राथमिक स्वास्थ्य केन्द्रहरू र ग्रामीण अस्पतहरूमा उचित मूल्यको औषधि पसलहरू स्थापना गरिनेछ।

❋ राज्यमा निर्दिष्ट मिर्गौला ब्यांकहरूको स्थापना:
बंगालमा अंग प्रत्यारोपण पूर्वाधारलाई सुदृढ़ पार्न र अझ धेर जीवन बचाउन राज्यभरि विशेष रूपमा निर्दिष्ट मृगौला ब्यांकहरू स्थापना गरिनेछ, ताकि उचित समयमा निष्पक्ष र नैतिक तरीकाले मृगौला संरक्षण, वितरण र सही समयमा प्रत्यारोपण गर्न सजिलो होस्।

❋ मानसिक स्वास्थ्य संकटको अवस्थामा SOS कलहरूको जवाफ दिन राज्यभरि मोनेर साथी(मनको साथी) नामक हेल्पलाइन चालु गरिनेछ:

राज्यव्यापी एउटा दिन/रातको आपतकालीन हेल्पलाइन, मनको साथी (जुन 'स्वास्थ्य सतर्कता' सँग जोडिएको हुनेछ), ले तत्काल संकट व्यवस्थापन, आत्महत्या रोकथाम सहयोग र नजीकको स्वास्थ्य सुविधामा रेफर गर्ने सुविधा प्रदान गर्नेछ। यसले शहरी र ग्रामीण बंगालमा सहज प्राप्य र कलंकमुक्त मानसिक स्वास्थ्य सेवा सुनिश्चित गर्नेछ।

❋ उन्नतस्तरको स्वास्थ्य सेवाको सुविधा अनि अत्याधुनिक चिकित्सा व्यवस्थाको क्षमतावृद्धि:

प्रत्येक जिल्लामा मानिसहरूको सबैभन्दा नजीक सुविधाजनक दूरीमा एउटा मेडिकल कलेज र अस्पतालको सुविधा हुनेछ। जटिल रोगहरूको सामना गर्नमा आत्मनिर्भरता सुनिश्चित गर्न वर्तमान सबै मेडिकल कलेज र अस्पतालहरूलाई अत्याधुनिक चिकित्सा प्रविधि, उन्नत उपकरण र प्रशिक्षित प्राविधिकहरूले सुसज्जित पारिनेछ।

❋ स्वास्थ्य साथी नेटवर्क-का अस्पतालहरूको संख्यामा वृद्धि:

स्वास्थ्य सेवाका सुविधाहरू सजिलै प्रदान गर्न ग्रामीण र दुर्गम क्षेत्रहरूमा विशेष जोर दिँदै स्वास्थ्य साथी नेटवर्कमा अझ अस्पतालहरू थपिनेछ।

❋ असंक्रामक रोगहरूका लागि सर्वजनीन परीक्षणको सुविधा:

क्यान्सर र मधुमेह जस्ता जटिल रोगहरूको जाँचलाई सर्वजनीन बनाइनेछ। यसका साथै जीवनशैली र खानपानको बानीमा सुधार ल्याउन सबै सरकारी चिकित्सा केन्द्रहरूमा विशेष जागरूकता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

❋ राज्य सरकारका पेन्सनभोगीहरूले अतिरिक्त स्वास्थ्य सेवा कभरेज पाउनेछन्:

क्यान्सर र मधुमेह जस्ता जटिल रोगहरूको जाँचलाई सर्वजनीन बनाइनेछ। यसका साथै जीवनशैली र खानपानको बानीमा सुधार ल्याउन सबै सरकारी चिकित्सा केन्द्रहरूमा विशेष जागरूकता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

❋ पूर्वी भारतमा बंगाल चिकित्सा मूल्यको पर्यटन केन्द्र बन्नेछ:

पश्चिम बंगालमा धेरै प्रख्यात र उन्नत चिकित्सा केन्द्रहरू छन्, जसले सुलभ मूल्यमा विश्वस्तरीय स्वास्थ्य सेवाहरू प्रदान गर्दछन्। यो पहिले नै हाम्रा छिमेकी देशहरूका विरामीहरूको लागि मनपर्ने चिकित्सा गन्तव्य बनेको छ। बाहिरबाट आएका विरामीहरूलाई सहज अपोइण्टमेण्ट तालिका, निर्बाध उपचार र समग्र कल्याण सुनिश्चित गर्न एक नयाँ समन्वित पोर्टल शुरू गरिनेछ। पश्चिम बंगाल पूर्वी भारतमा चिकित्सा पर्यटनका लागि एउटा प्रमुख गन्तव्य हो।





१३. शिक्षा

मुख्य लक्ष्यहरु:

- उच्च गुणस्तरीय शिक्षा र आधुनिक शिक्षण पूर्वाधारको सुविधालाई अझ विस्तार गर्न प्रत्येक ब्लकमा कम्तीमा एउटा गरी राज्यभरि मोठ ४३० वटा नमूना विद्यालयहरू स्थापना गरिनेछ।

- बाङ्लार शिक्षायतनअन्तर्गत, सबै सरकारी विद्यालयहरूलाई स्मार्ट क्लासरूम, कम्प्युटर ल्याब र उन्नत पूर्वाधारसहित आधुनिक सुविधाहरूले स्तरोन्नति गरिनेछ।

हाम्रो सफलता:

» सरकारको प्रमुख र पुरस्कार विजेता योजना कन्याश्रीमार्फत १ करोड़ बालिकाहरूलाई सहयोग गरिएको छ।

» सबुज साथी परियोजनाअन्तर्गत १.४४ करोड़भन्दा बढ़ी विद्यार्थीहरूले साइकल प्राप्त गरेका छन्।

» लगभग १.६५ करोड विद्यार्थीहरू (भुइँ कक्षादेखि १२ कक्षासम्म) लाई नि:शुल्क पाठ्यपुस्तकहरू प्रदान गरिएको छ।

» प्रत्येक वर्ष विभिन्न कक्षाका १.०६ करोड़ विद्यार्थीहरूलाई पोशाक, जुत्ता र स्कूल झोला प्रदान गरिएको छ।

» मध्याह्न भोजन कार्यक्रमअन्तर्गत, भुइँ कक्षादेखि कक्षा ८ सम्म भर्ना भएका १.१ करोड़ विद्यार्थीहरूलाई नियमित तातो पकाएको खाना उपलब्ध गराइएको छ।

» राष्ट्रियस्तरमा सरकारी विद्यालयहरूमा विद्यार्थी भर्ना दरको हिसाबले पश्चिम बंगाल सबैभन्दा माथि छ, जुन ८९ % हो, जबकि यसमा राष्ट्रिय औसत ५२% छ।

» बंगालमा प्राथमिक र उच्च प्राथमिक तहका विद्यालयहरूमा २०२३ सालदेखि विद्यालय छाड्ने दर शून्य छ।

» विद्यार्थीहरूलाई डिजिटल रूपमा अध्ययन गर्न सहायता प्रदान गर्न तरूणको सपना परियोजनामार्फत ५३ लाख विद्यार्थीहरूलाई स्मार्टफोन र ट्याब्लेटहरू प्रदान गरिएको छ।

» उच्च शिक्षाको आफ्नो सपना पूरा गर्न स्टुडेण्ट क्रेडिट कार्ड योजनाबाट १ लाखभन्दा बढ़ी युवक-युवतीहरू लाभान्वित भएका छन्।

» स्वामी विवेकानन्द मेरिट-कम-मेन्स योजनाअन्तर्गत ३३.६५ लाख विद्यार्थीहरूले उच्च शिक्षाका लागि छात्रवृत्ति पाइरहेका छन्।

» क्षेत्रीय भाषाहरूको प्रवर्द्धन गर्न ४५६ सौँताली माध्यमका विद्यालय, १९८ राजवंशी माध्यमका विद्यालय र २ कामतापुरी माध्यका विद्यालयहरू स्थापना गरिएका छन्।

» बालिका शिक्षालाई सहयोग गर्न सुरक्षित आवासीय अध्ययनका लागि ३४७ बालिका छात्रावास स्थापना गरिएको छ।

» २०११ सालमा १२ वटा विश्वविद्यालयहरू थिए। हाल बंगालमा विश्वविद्यालयहरूको संख्या ४२ छ र राज्य-सहायता प्राप्त विश्वविद्यालयहरूको संख्या १२ बाट बढ़ेर ३१ पुगेको छ।

» बंगालका दुई राज्य विश्वविद्यालयहरू भारतका शीर्ष २० विश्वविद्यालयहरूमा परेका छन्।

आउँदा वर्षहरूमा हामीले पूरा गर्न लाई निम्न आश्वासन दिंदछु:

* प्रविधि-सञ्चालित कामको संसारका लागि विद्यार्थीहरूलाई तयार पार्न सबै सरकारी र सरकारी-सहायताप्राप्त उच्च माध्यमिक विद्यालयहरूमा एआई (AI) प्रयोगशालाहरूको सुविधा प्रदान गरिनेछ:
  अत्याधुनिक प्रविधिको यस युगमा बंगालका विद्यार्थीहरू रोजगार बजारका लागि तयार छन् भनी सुनिश्चित पारिनेछ।

❋ सबै सरकारी र सरकारी सहायताप्राप्त विद्यालयहरूमा बंगालको गौरवका कथाहरूको एउटा विशेष पाठ्यक्रम लागू गरिनेछ:
बंगालका केटा-केटीहरूले हाम्रो राज्यको धरोहर र विविधताबारे राम्रोसँग ज्ञान प्राप्त गर्न सकुन् भनेर सबै सरकारी र गैरसरकारी विद्यालयहरूमा बंगालको पुनर्जागरणको गौरवशाली अवधि देखाउने पश्चिम बंगालको सामाजिक-आर्थिक र सांस्कृतिक इतिहासको विशेष पाठ्यक्रम लागू गरिनेछ।

❋ राज्यको प्रत्येक ब्लकमा एउटा नमूना विद्यालय स्थापना गरिनेछ:
एसियन डेभलपमेण्ट ब्यांकको लगभग २,५०० करोड़ रुपियाँको आर्थिक सहायताले राज्यमा मोठ ४३० नमूना विद्यालय खोलिनेछ। यसअन्तर्गत प्रत्येक ब्लकमा कम्तीमा पनि एउटा गरेर अनि ८७ वटा पछाड़िएका ब्लकहरूमा दुईवटा गरेर नमूना विद्यालयहरू स्थापना गरिनेछ।

❋ शिक्षामा सरकारी खर्च बढ़ाएर सकल घरेलु उत्पादनको ४.५% गरिनेछ:
राज्यले आफ्नो शैक्षिक पूर्वाधार विस्तार गर्न सकोस् अनि सबै तहका पर्याप्त संख्यामा शिक्षकहरू दिन सकोस् भन्ने सुनिश्चित गर्न सरकारले शिक्षामा खर्च बढ़ाएर GDP -को ४.५% गर्नेछ।

❋ बंगाल शिक्षा प्रणालीअन्तर्गत सबै सरकारी प्राथमिक, उच्च प्राथमिक र माध्यमिक विद्यालयहरूको एउटा सामग्रिक पूर्वाधारगत विकास गरिनेछ:
तत्काल विकासको आवश्यकता रहेका विद्यालयहरूलाई चरणबद्ध रूपमा पूर्ण पूर्वाधार विकास दिइनेछ। यो विकास नौ क्षेत्रहरूमा केन्द्रित हुनेछ : पानी आपूर्ति र शौचालय, पर्याप्त शिक्षक, विद्युतीकरण, फर्निचर, रंगपचेरा, सामान्य मरम्मत, हरियो चकबोर्ड, स्मार्ट क्लासरूम, कम्प्युटर ल्याब र सीमा पर्खाल।

❋ सबै सरकारी विश्वविद्यालयहरूमा रोजगारमूलक सीपको तालीम दिइनेछ:
शिक्षादेखि रोजगारसम्मको बाटो सहज बनाउन सबै सरकारी विश्वविद्यालयमा एउटा गरेर सीप विकास केन्द्र हुनेछ, जहाँ विद्यार्थीहरूले अन्तर्वार्ता तालीम, भाषा दक्षता वृद्धि अनिल सफ्ट स्किल विकासको अवसर पाउनेछन्।





१४. खाद्य

मुख्य लक्ष्यहरु:

- कुनै पनि योग्य परिवार नछुटुन् भन्ने सुनिश्चित गरेर सब्सिडी- युक्त खाद्यान्नमा निर्बाध रूपमा पाउनसक्ने सुविधा प्रदान गर्दै प्रत्येक योग्य परिवारलाई खाद्य साथी परियोजनाअन्तर्गत ल्याएर समावेशी खाद्य सुरक्षा सुनिश्चित गरिने।

- अन्न खेरो जान नदिन बाली संग्रहदेखि शुरू गरेर वितरणसम्ममा स्वच्छ अनि तत्कालीन नजरदारी सुनिश्चित गर्न खाद्यान्न ढुवानीको क्षेत्रमा एण्ड-टु-एण्ड भेहिकल ट्र्याकिङ प्रणाली लागू गरिनेछ।

हाम्रो सफलता:

» खाद्य साथी परियोजनाअन्तर्गत बंगालका लगभग ९ करोड़ मानिसहरूले पूर्ण सब्सिडी-युक्त राशिन पाएका छन्, जसको परिणामस्वरूप १,०९,४६८ करोड़ रुपियाँ खर्च भएको छ।

» दैलोमा राशिन परियोजना मार्फत ७.५ करोड़ उपभोक्ताहरूले आफ्नो घर-दैलोमा राशिन प्राप्त गरेका छन्, जसमा १,७१७ करोड़ रुपियाँ खर्च भएको छ।

» बायोमेट्रिक्स-मा आधारित स्व-सेवा सुविधा पोर्टल शुरू गरिएको छ, जहाँ कुनै कागजी झञ्झट र नोकरशाही जटिलता छैन। यसमा तत्काल सेवा प्रदान हुँदछ।

» २०११ सालमा ६३,००० मेट्रिक टन रहेको खाद्यान्न भण्डारण क्षमता अहिले बढ़ेर लगभग १२ लाख ५० हजार मेट्रिक टन पुगेको छ।

आउँदा वर्षहरुमा हामीले गर्ने कामहरुको आश्वासन दिंदछु:

* खाद्यान्न ढुवानीमा पारदर्शिता ल्याउन प्रत्येक सवारी साधनको ट्र्याकिङ सुनिश्चित गरिनेछ:
धान संकलन केन्द्रदेखि चामल मिल, त्यहाँबाट वितरक र अन्तमा राशिन डिलर (FPS) को ढोकासम्म प्रत्येक चरणमा सवारी साधनहरूको आवागमनको निगरानी गर्न रियल टाइम मेडिकल लोकेशन ट्र्याकिङ शुरू गरिनेछ। यसको मुख्य उद्देश्य खाद्यान्न ढुवानीको क्रममा कुनै पनि प्रकारको बर्बादी अनि अनियमिततालाई पूर्णरूपमा रोक्नु हो।

* सबैका लागि खाद्य सुरक्षा र जिम्मावार सेवा सुनिश्चित गरिनेछ:
राज्यका प्रत्येक योग्य परिवारलाई खाद्य साझादार योजनाले समेटिनेछ र कोही पनि छुट्ने छैनन् भन्ने कुरा सुनिश्चित गरिनेछ। सामानको स्थानान्तरण सजिलो र झनञ्झटमुक्त हुनेछ। स्व-सेवालाई सरलीकृत गरिनेछ र असहाय र दुर्गम क्षेत्रका मानिसहरूलाई सहयोग प्रदान गर्न जारी राखिनेछ।





१५. सड़क

मुख्य लक्ष्यहरू:

- राज्यभरि सम्पर्क सञ्जाललाई अझ सुदृढ़ बनाउन आउँदो ५ वर्षमा पथश्री परियोजनाअन्तर्गत १५,००० किलोमिटर नयाँ सड़कहरू निर्माण गरिनेछ।

- उन्नत सड़क इञ्जिनियरिङ, नियम र कानूनहरूको कठोर प्रयोग र तीव्ररूपमा आपतकालीन सेवाहरू जस्ता निर्दिष्ट अनि तथ्यांकमा आधारित पदक्षेपहरूमार्फत सड़क सुरक्षामा सुधार गरिनेछ।

हाम्रो सफलता:

» २०११ सालदेखि राज्यभरि मोठ १,८३,०८४ किलोमिटर राज्य सड़क, ग्रामीण सड़क र अन्य सड़कहरू निर्माण गरिएका छन्। सँगसँगै एकै समयमा ३६१ ठूला र मझौला पुलहरू र २० वटा आरओबीहरू निर्माण गरिएका छन्, जसको लागि मोठ लागत लगभग ८३,००० करोड़ रुपियाँ छ।

» केन्द्रको PMGSY कोष बन्द भए पनि राज्यभरि सम्पर्क सुनिश्चित गर्न पथश्री १, २ र ३ परियोजनाअन्तर्गत १०,९०२ करोड़ रुपियाँको लागतमा ३९,००० किलोमिटरभन्दा बढ़ी सड़कहरू निर्माण गरिएको छ। पथश्री ४ परियोजनाअन्तर्गत राज्य सरकारले ८,४८८ करोड़ रुपियाँको लागतमा थप २०,०३० किलोमिटर सड़कहरूको निर्माण कार्य हातमा लिएको छ।

» सड़क निर्माणमा प्लास्टिकको फोहोर प्रयोग गरेर बंगाल पर्यावरणमैत्री यातायातमा अग्रणी बनेको छ। यसअन्तर्गत ३,६३९ गाउँहरूमा ६,५०० किलोमिटरभन्दा बढ़ी प्लास्टिक सड़कहरू निर्माण गर्ने योजना छ।


» हाम्रो राज्यले पश्चिम बंगालको दक्षिण २४ परगनास्थित हातानिया-दोआनिया नदीमाथि उच्चस्तरीय पुल निर्माणमा प्रतिकूल परिस्थितिहरूमा उत्कृष्ट काम गरेकोमा राष्ट्रिय राजमार्ग उत्कृष्टता स्वर्ण पुरस्कार प्राप्त गरेको छ।

» माननीय मुख्यमन्त्री ममता ब्यानर्जी २,५०० करोड़ रुपियाँभन्दा अधिक खर्चमा ४४.२ किलोमिटर लामो कल्याणी एक्सप्रेसवे-को उद्घाटन गरेकी छन्। १६ किलोमिटर लामो बेलघरिया एक्सप्रेसवे-सँग जोड़िएको यो सिग्नल-रहित ४-६ लेन करिडोरमा २१ वटा फ्लाईओभर, एउटा एलिभेटेड स्ट्रेच र ६ लेनको अण्डरपास छ। यस परियोजनाले कल्याणीदेखि विमानस्थलसम्म यात्राको समय ४० मिनट घटाएको छ। बेलघरियाबाट कापा मोड़ हुँदै बड़ो जागुलियासम्मको सड़कलाई पूर्णरूपमा सिग्नल-रहित बनाइएको छ र उत्तर २४ परगना र नदिया जिल्लाहरूको सामाजिक-आर्थिक विकासलाई पनि बलियो बनाइएको छ।

आउँदा वर्षहरूमा हामीले गर्ने कामहरूको आश्वासन दिँदछु:

* पथश्री परियोजनाअन्तर्गत आउँदो ५ वर्षमा १५,००० किलोमिटर नयाँ सड़क निर्माण गरिनेछ:
  राज्यका सबै जनबहुल क्षेत्रहरूमा सक्रिय सड़क सम्पर्क सुनिश्चित गर्न, 'पथश्री' परियोजनाअन्तर्गत आउँदो ५ वर्षमा १५,००० किलोमिटर नयाँ सडकहरू निर्माण गरिनेछ। यसका साथै २,५५,४८५ किलोमिटर ग्रामीण सड़कहरूको नियमित सुधार र मरम्मत-हेरचाह गर्न पहल गरिनेछ।

* सड़क सुरक्षाका लागि विशेष पदक्षेप :
  रोकथाम गर्नसकिने सड़क दुर्घटनाहरू रोक्न, उन्नत सड़क इञ्जिनियरिङ, कानूनको कठोर कार्यान्वयन, जनचेतना र द्रुत इमरजेन्सी रेसपोन्स व्यवस्थालगायत निर्दिष्ट र तथ्यमा आधारित पदक्षेप ग्रहण सुनिश्चित गरिनेछ।





१६. पानी

मुख्य लक्ष्यहरु :

- राज्यका सबै १.७५ करोड़ ग्रामीण घर-परिवार समावेश गर्न जलस्वप्न परियोजनालाई विस्तार गरेर १००% कार्यकर गरी घरभित्रको कलमा जड़ान गरिनेछ।
- सुरक्षित खानेपानी र पानी प्रदूषणको द्रुत पहिचान सुनिश्चित गर्न प्रत्येक ब्लक-मा पानी परीक्षण प्रयोगशालाहरू स्थापना गरिनेछ र यी प्रयोगशालाहरूको संख्या २१६ बाट बढ़ाएर ३६५ पुऱ्याइनेछ।

हाम्रो सफलता:

» ग्रामीण बंगालमा, 'जलस्वप्न' परियोजनामार्फत १ करोड़ ग्रामीण परिवारहरूलाई कलमा पानी प्रदान गरिएको छ, जबकि १५ वर्षअघि केवल २.१४ लाख कलमा मात्र पानी प्रदान गरिएको थियो।

» नलमा प्रवाहित हुने २,८४७ पानी आपूर्ति परियोजनाहरू सम्पन्न भएपछि पश्चिम बंगालका ६.५ करोड़भन्दा बढ़ी ग्रामीण जनतालाई सुरक्षित खानेपानी उपलब्ध गराइएको छ।

» पश्चिम बंगालमा २१६ वटा पानी परीक्षण प्रयोगशालाहरूको सञ्जाल छ, यी सबै NABL द्वारा मान्यताप्राप्त वा अनुमोदित छन्, जुन देशमा उच्चतम हो।

» जलस्वप्न परियोजना कार्यान्वयनका लागि 'महात्मा-श्री' अन्तर्गत मोठ २१.६८ लाख जब कार्ड धारकहरूलाई रोजगार दिइएको छ। फलस्वरूप मोठ १३.९० करोड़ कार्यदिवस सिर्जना भएको छ र मोठ ३,५७० करोड़ रुपियाँ ज्यालाको रूपमा भुक्तानी गरिएको छ।

» जल धरो, जल भरो (पानी समाऊ, पानी भर) कार्यक्रमअन्तर्गत पश्चिम बंगालभरि ५ लाख जलाशय, पानी धारणको संरचना र वर्षाको पानी संकलनका संरचनाहरू निर्माण वा मरम्मत गरिएका छन्, जसले सिँचाइ, भूजल स्तर, ग्रामीण पानी सुरक्षा सुनिश्चित गर्दछ।

» एफएमबीएपी -अन्तर्गत प्रस्तुत गरिए पनि लामो समयदेखि केन्द्रले रोकेको घाटाल गुरुयोजनाको जिम्मावारी राज्य सरकारले लिएको छ। राज्यले नदीको ११५ किलोमिटर खनाईका लागि ३४१ करोड़ रुपीयाँ लगानी गरिसकेको छ र अब आउँदो दुई वर्षभित्र आफ्नै पहलमा सम्पूर्ण परियोजना सम्पन्न गर्नेछ, जसको मोठ लागत १,५०० करोड़ रुपियाँ हुनेछ।

आउँदा वर्षहरुमा हामीले गर्ने कामका आश्वासन दिँदछु:

* सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्ने उद्देश्यले, घर-घरका नलहरूमा १००% प्रभावकारी पाइपयुक्त पानी जड़ान गरिनेछ:

  'जलस्वप्न' अभियानअन्तर्गत ७५ लाख थप परिवारहरूलाई नलहरूमा प्रभावकारी पाइपयुक्त पानी प्रदान गरिनेछ। फलस्वरूप, राज्यका मोठ १.७५ करोड़ ग्रामीण घरहरूमा यस जड़ानद्वारा नलमा पानी पुग्नेछ।

* प्रत्येक ब्लकमा पानी परीक्षण प्रयोगशालाहरू निर्माण गरिनेछ:

  प्रत्येक ब्लक-मा प्रयोगशाला सुविधा सुनिश्चित गर्न पानी परीक्षण केन्द्रहरूको संख्या २१६ बाट बढ़ाएर ३६५ पुऱ्याइनेछ। फलस्वरूप, पानीमा भएको कुनै पनि प्रदूषण छिटो पत्तो लाग्नेछ र पानीबाट हुने रोगहरू रोक्न सकिनेछ।



१७. बिजुली

मुख्य उद्देश्य:

- ५,००० मेगावाटको थर्मल पावर विस्तार, ७५० मेगावाटको फ्लोटिङ सोलर र १,००० मेगावाटको तुर्गा पम्प स्टोरेज प्रोजेक्ट-सहितको विद्युत उत्पादन क्षमता बढ़ाएर उच्च मागको अवधिमा विद्युत कटौती शून्यमा घटाउने कुरा सुनिश्चित गरिनेछ।

- नवीकरणीय ऊर्जाको विस्तार र परिवार, किसान र विभिन्न उद्यम वा व्यवसायहरूका लागि निश्चित पावर क्रेडिट-सहित राज्यव्यापी सोलर ग्रिड परिचय चालु गरेर वातावरणमैत्री विद्युत परिवहन व्यवस्थालाई तीव्रता दिइनेछ।

हाम्रो सफलता

» ऊर्जा क्षेत्रमा ९०,००० करोड़ रुपियाँको लगानीपछि बंगाल अब १००% विद्युतीकरण मार्फत ऊर्जा-अधिशेष (आवश्यकताभन्दा बढ़ी बिजुली भएको) राज्य बनेको छ।

» २०११ सालमा ३८१ ब्लकहरू कम भोल्टेजले ग्रस्त थिए भने २०२२ सालमा त्यो संख्या शून्यमा झरेको थियो।

» भारतको दोस्रो ठूलो डिस्कम(DISCOM), पश्चिम बंगाल पावर डेभलपमेण्ट कर्पोरेशन लिमिटेड (WBPDCL) ले विगत १५ वर्षमा १७५% वृद्धि प्राप्त गरेको छ। तिनीहरूले १.५५ करोड़ नयाँ ग्राहकहरू थपेका छन् र हाल यसको मोठ ग्राहक संख्या२.४५ करोड़ छ।

» सागरदिघी, सन्तालडिही र बक्रेश्वरका थर्मल पावर प्लाण्ट-हरूले लगातार भारतका शीर्ष दस पावर प्लाण्ट-हरूमा स्थान पाउँछन्।

» सागरदिघीमा ४,५६७ करोड़ रुपियाँको लागतमा निर्माण गरिएको पूर्वी भारतमा आफ्नो किसिमको पहिलो ६६० मेगावाटको सुपरक्रिटिकल युनिटले १६.७ लाख घरपरिवारलाई निर्बाध बिजुली प्रदान गर्ने तयारी गरेको छ। यसले २६,००० प्रत्यक्ष र अप्रत्यक्ष रोजगार पनि सिर्जना गर्नेछ। विद्युत उत्पादन क्षमतालाई थप विस्तार गर्न १६,००० करोड़ रुपियाँको लगानीमा शालबनीमा १,६०० मेगावाटको थर्मल पावर प्लानण्टको शिलान्यास गरिएको छ, जसले १५,००० प्रत्यक्ष र अप्रत्यक्ष रोजगार सिर्जना गर्ने अपेक्षा गरिएको छ।

» पश्चिम बंगाल राज्य विद्युत प्रसारण कम्पनी लिमिटेड (WBSETCL) ले विद्युत परिवहन क्षेत्रमा ट्रान्समिशन लस घटाएर २.१४% मा ल्याएको छ र निर्बाध विद्युत उपलब्धता ९९.९६% बढ़ाएको छ, जुन भारतका सबै विद्युत प्रसारण कम्पनीहरूमध्ये सबैभन्दा शीर्षमा छ।


» पहिलोपटक WBPDCL का पावर प्लाण्ट-हरूको सम्पूर्ण कोइला आवश्यकता क्याप्टिभ माइन-हरूबाट पूरा गरिएको छ, जसले गर्दा कोल इण्डियाका सहायक कम्पनीहरूमाथिको निर्भरता हटेको छ। वर्षभरि WBPDCL ले राज्य सरकारलाई लाभांशको रूपमा १०४ करोड़ रुपियाँ तिरेको छ र ४०.९६ करोड़ रुपियाँको लगानीमा सागरदिघीमा ५ मेगावाटको सोलर एनर्जी प्लाण्ट सञ्चालनमा ल्याएको छ।

आउँदा वर्षहरुमा हामीले गर्ने कामहरुको आश्वासन दिंदछु:

* उच्च बिजुलीको माग हुँदा पनि विद्युत् कटौती हुनेछैन:
  राज्यमा विद्युत उत्पादन बढ़ाउन विशेष पाइला चालिएको छ, जसमा ५,००० मेगावाटको थर्मल पावर उत्पादन बढ़ाउने, ७५० मेगावाटको फ्लोटिङ पावर प्लाण्ट स्थापना गर्ने र १,०१० मेगावाटको तुर्गा पम्प स्टोरेज प्रोजेक्ट सामेल छन्। यसले उच्च माग भएका महीनाहरूमा पनि विद्युत आपूर्ति अवरुद्ध नहुने कुरा सुनिश्चित गर्नेछ।

* ग्रीन एनर्जी-मा थप जोर:
  ग्रीन हाइड्रोजन पोलिसी-को अधिसूचनासँगै पश्चिम बंगालले अब पुन:नवीकरणीय ऊर्जामा खर्च बढ़ाएर जलवायु-सचेत भविष्यका लागि स्वच्छ ऊर्जाको प्रयोग बढ़ाउनमा ध्यान केन्द्रित गर्नेछ।

* राज्यका बासिन्दाहरूका लागि निश्चित बिजुली ऋणका सुविधासहित - सोलर ग्रिड चालु गरिनेछ:
  पश्चिम बंगालमा एउटा व्यापक सोलर एनर्जी ग्रिड स्थापना गरिनेछ अनि एउटा निश्चित बिजुली ऋण सेवा चालु गरिनेछ, जसमा साधारण परिवार, कृषक र व्यावसायिक प्रतिष्ठानहरूले सौर्य ऊर्जा उत्पादन गर्न, ग्रिडमा अतिरिक्त बिजुली आपूर्ति गर्न र बिजुली बिलमा अनुदान प्राप्त गर्न सकून्। यसले प्रदूषणमुक्त ऊर्जाको प्रयोग द्रुत गतिमा बढ़ाउनेछ र बिजुलीको लागत र कार्बन फूटप्रिण्ट पनि घटाउनेछ।





१८. पर्यटन

मुख्य लक्ष्यहरू:

- बंगाललाई भारतको नम्बर १ पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिनेछ र अन्तरराष्ट्रिय पर्यटन विस्तार गरेर वार्षिक विदेशी पर्यटकको संख्या ५ करोड़ पुऱ्याइनेछ।

- बंगालको सांस्कृतिक र आध्यात्मिक पर्यटन पूर्वाधारलाई अझ सुदृढ़ पार्न शिव-शक्ति, वैष्णव र बौद्ध सर्किट-हरूसहित समन्वित धार्मिक पर्यटन सर्किट-हरू विकास गरिनेछ।

हाम्रो सफलता:

» पश्चिम बंगालमा MICE (बैठक, प्रोत्साहन, सम्मेलन र प्रदर्शनी) क्षेत्र प्रत्येक वर्ष उल्लेखनीय रूपमा बढ्दै गइरहेको छ। हाम्रो राज्यले आर्थिक वर्ष २०२४-२५ मा १,१८५ र आर्थिक वर्ष २०२५-२६ मा १,३०० वटा यस्ता कार्यक्रमहरू आयोजना गरेको छ।

» बंगालमा यी कार्यक्रमहरूका लागि विश्व बाङ्ला कन्भेन्सन सेण्टर, विश्व बाङ्ला मेला प्रांगण र धनधान्य अडिटोरियम-सहित शीर्ष स्थलहरूको नेटवर्क प्रदान गरिएको छ, साथै १५० भन्दा बढ़ी तारे श्रेणीका होटलहरू पनि छन्।

» बंगालमा ४४ वटा विलासी होटल निर्माणका लागि ६,५१० करोड़ रुपियाँको ठूलो लगानीको आश्वासन दिइएको छ, जसले १०,००० रोजगार सिर्जना गर्ने अपेक्षा गरिएको छ। राज्य पर्यटन विभागले १०० भन्दा बढ़ी धार्मिक पर्यटन सर्किट-हरूको पहिचान र स्तरोन्नति गरेको छ, जसमा ६ सांस्कृतिक क्षेत्रहरूमा ४०० भन्दा बढ़ी महत्त्वपूर्ण स्थानहरू समावेश छन्।

» भारत सरकारको पर्यटन मन्त्रालयले हालै जारी गरेको इण्डिया टुरिज्म डेटा कम्पेण्डियम २०२५ अनुसार पश्चिम बंगाल विदेशी पर्यटक आगमनको हिसाबले देशको दोस्रो स्थानमा छ। अक्टोबर २०२५ सम्म बंगालले २४२.४ करोड़ स्वदेशी र अन्तरराष्ट्रिय पर्यटकहरूलाई स्वागत गरिसकेको छ।

» कलकत्तालाई पर्यटकहरूका लागि अझ आकर्षक बनाउन, न्यूटाउनमा इको पार्क (प्रकृति तीर्थ) सिर्जना गरिएको छ, जहाँ ४८० ऐकर हरियालीले घेरिएको वातावरणको बीचमा अवस्थित ११२ ऐकरको विशाल र दर्शनीय जलाशय छ। यसका साथै बंगालमा पर्यटनका लागि सांस्कृतिक महत्त्वका विभिन्न स्थानहरू जस्तै रवीन्द्र तीर्थ, नजरुल तीर्थ, मदर्स वाक्स म्युजियम र कलकत्ता गेट निर्माण गरिएको छ। बहादुर शहीद मंगल पाण्डेको सम्झनामा ब्यारेकपुरमा उत्सधारा पर्यटन परियोजना शुरू गरिएको छ।

» चिया पर्यटनको विकासले स्थानीय बासिन्दाहरूकि लागि नयाँ रोजगारका अवसरहरू सुनिश्चित गरेको छ, जसले गर्दा उनीहरूको आयका स्रोतहरू विविधीकरण गर्न सहायता पुगेको छ र यसरी क्षेत्रीय आर्थिक विकास अझ तीव्र भइरएको छ।

आउँदा वर्षहरूमा हामीले गर्ने कामहरुको आश्वासन दिंदछु:

* बंगाललाई पर्यटनमा नम्बर १ राज्य बनाउने:

  २०२४ सालसम्ममा पश्चिम बंगालले स्वदेशी र विदेशी पर्यटक आगमनको हिसाबले देशको दोस्रो स्थान प्राप्त गरिसकेको छ। हामी प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाले धनी हाम्रो राज्यलाई भारतको उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा अझ विकास गर्नेछौँ। हाम्रो लक्ष्य भनेको प्रत्येक वर्ष कम्तीमा ५ करोड़ विदेशी पर्यटकहरूको बंगाल भ्रमण सुनिश्चित गर्नु हो।

* पश्चिम बंगाललाई भारतको Meeting, Incentive , Conference and Exibitions (MICE) पर्यटनमा मार्गदर्शकको रूपमा स्थापित गरिनेछ:

  राज्यभरि बढ़्दो सम्मेलन हल, सभागार र कार्यक्रम स्थलहरूको सञ्जाललाई उपयोग गरेर बंगाललाई भारतको अर्को प्रमुख MICE पर्यटन गन्तव्यको रूपमा विकास गरिनेछ।

* पश्चिम बंगालमा तीनवटा पृथक एकीकृत धार्मिक पर्यटन परिपथहरू विकास गरिनेछन्—शिव-शक्ति परिपथ, वैष्णव परिपथ र बौद्ध परिपथ:

  श्चिम बंगालमा तीनवटा एकीकृत धार्मिक पर्यटन परिपथहरू स्थापना गरिनेछन्; शिव-शक्ति परिपथ कोलकाता–बीरभूम–हुगलीसम्म फैलिनेछ, वैष्णव परिपथ नदिया–हुगली–मुर्शिदाबाद–मेदिनीपुरमा फैलिनेछ, र बौद्ध परिपथ उत्तर बंगाल र पश्चिमी पठार क्षेत्रलाई जोड्नेछ। यी परिपथहरूमा निर्बाध कनेक्टिभिटी, स्वच्छ तीर्थयात्री सुविधाहरू, सुरक्षित आवास, र आधुनिक सार्वजनिक सुविधाहरू हुनेछन्।

❋ विष्णुपुर र वीरभूमका लागि दुई नयाँ पर्यटन प्याकेज:

राज्यभित्र पर्यटनलाई अझ प्रवर्द्धन गर्न दुई नयाँ विशेष पर्यटन प्याकेज-हरू चालु गरिनेछ। एउटा प्याकेज शान्तिनिकेतनलाई केन्द्र गरेर वीरभूम जिल्लालाई दिइनेछ र अर्को मन्दिर शहर विष्णुपुरमा केन्द्र गरेर दिइनेछ।




DARJEELING
HIMALAYAN RAILWAY
DHR
924



१८. संस्कृति

मुख्य लक्ष्यहरू:

- बंगालको भाषिक सम्पदाको राष्ट्रिय मान्यता र मर्यादा सुनिश्चित गर्न राजवंशी र कुड़माली भाषाहरूका लागि संविधानको आठौं अनुसूचीको मान्यता सुनिश्चित गरिनेछ।

- बंगालको समृद्ध चलचित्र सम्पदाको संरक्षण र डिजिटलाइजेशन गर्न प्रख्यात चलचित्र निर्देशक ऋत्विक घटकलाई समर्पित एउटा अत्याधुनिक चलचित्र अभिलेख र चलचित्र पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।

हाम्रो सफलता

» लोकप्रसार योजनामार्फत १.९२ लाख लोक कलाकारहरूलाई सहयोग गरिँदैछ (रिटेनर कलाकारहरू : १.५ लाख, पेन्सनभोगीहरू : ४२,०००)। उनीहरूलाई प्रतिमहीना १,००० रुपियाँ रिटेनर शुल्क/पेन्सन दिइन्छ।

» बंगालको दुर्गा पूजा (जसले प्रत्येक वर्ष ७०,००० करोड़ रुपियाँ राजस्व उत्पन्न गर्छ) लाई युनेस्को-ले मानवताको अमूर्त सांस्कृतिक सम्पदाको रूपमा मान्यता दिएको छ।

» 250 करोड़को दिघा जगन्नाथ धाम हाम्रो राज्यको सांस्कृतिक गौरवको एउटा उज्ज्वल प्रतीकको रूपमा खड़ा छ। यसका साथै गंगासागर यात्रुहरूका लागि आउँदा दिनमा १,७०० करोड़ रुपियाँको गंगासागर पुल, सिलगढ़ी नजीकै मतिगढ़ामा १७ ऐकर भूमिमा महाकाल मन्दिर र सांस्कृतिक परिसर र नयाँ शहरमा १५ ऐकरको दुर्गा अंगनले हाम्रो राज्यको आध्यात्मिक परिदृश्यलाई अझ समृद्ध बनाउनेछ।

» सौँताली, कुरुख, कुड़माली, राजवंशी, कामतापुरी हिन्दी, उर्दू, तेलुगु, उड़िया, नेपाली र पञ्जाबीलाई आधिकारिक भाषाको दर्जा दिइएको छ, जुन हाम्रो राज्यको प्रत्येक भाषाको सम्मान गर्ने र सबै भाषा बोल्ने मानिसहरूलाई अँगाल्ने प्रतिबद्धताको संकेत हो।

» २०२३ सालमा सरना/सारी धर्मलाई मान्यता दिन विधानसभामा एउटा विधेयक पारित भयो र यस विषयमा आधिकारिक रूपमा केन्द्र सरकारलाई जानकारी गराइएको थियो।

» नवद्वीप र कोचबिहारलाई हेरिटेज शहरको रूपमा विकसित गरिएको छ। तारकेश्वर, तारापीठ, बक्रेश्वर र पाथरचापुरीका लागि विकास बोर्ड गठन गरिएको छ।

» हामीले दक्षिणेश्वरमा रानी रासमणि स्काइवाक, कालीघाट स्काइवाक र जल्पेश मन्दिर स्काइवाक उद्घाटन गरेका छौँ।

» तारकेश्वर, तारापीठ, कंकालितला, फुल्लारा मन्दिर, कापिल मुनि मन्दिर, माहेशको जगन्नाथ मन्दिर, राधाबल्लभ मन्दिर, झाड़ग्रामको कनकदुर्गा मन्दिर, कोचबिहारको मदनमोहन मन्दिर, बाणेश्वर मन्दिर, शिवयज्ञ मन्दिर, देवी चौधरानी मन्दिर, भवानी पाठकको मन्दिर, भ्रामरी देवी मन्दिर, गर्तेश्वरी र गर्भेश्वरी मन्दिर, जटिलेश्वर मन्दिर, राजबारी शिव मन्दिर र मनसा मन्दिर जस्ता असंख्यौँ साना-ठूला मन्दिरहरूको जीर्णोद्धार र सौन्दर्यीकरण गरिएको छ।

» बंगालको आध्यात्मिक र सांस्कृतिक सम्पदाको संरक्षण र समृद्धि गर्न राज्य सरकारले धेरै पाइला चालेको छ। कचुवा र चकलामा बाबा लोकनाथको धाम, श्री श्री ठाकुर अनुकुल चन्द्रको आश्रम र माँ शारदा देवीको निवासस्थानको पुनर्निर्माण र सौन्दर्यीकरण गरिएको छ। यसका साथै वन हुगलीको ओंकारनाथ मिनको अगाड़ि सड़कलाई ओंकारनाथ सरणी नामकरण गरिएको छ। बाबा ओंकारनाथलाई समर्पित तोरण पनि निर्माण गरिएको छ।

» विवेकानन्दको पुख्यौंली घर र सिस्टर निवेदितासँग सम्बन्धित दुई घरहरू अधिग्रहण गरी क्रमशः रामकृष्ण मिशन र रामकृष्ण-शारदा मिशनलाई हस्तान्तरण गरिएको छ, ताकि तिनीहरूको संरक्षण गर्न सकियोस् र मानिसहरू त्यहाँ संलग्न हुन सकून्। राज्य सरकारले स्वामीजीको घरमा अवस्थित संग्रहालयको मरम्मत-स्याहार र सञ्चालनका लागि वार्षिक अनुदान प्रदान गर्दछ। साथै स्वामी विवेकानन्दको आदर्श र दर्शनबाट प्रेरित भएर न्युटाउनमा विवेक तीर्थ नामक शैक्षिक तथा सांस्कृतिक केन्द्र निर्माण भइरहेको छ। हामीले जग्गा उपलब्ध गराएका छौँ र आरकेएम अन्तर्गत निर्माण लागतको एउटा अंश पनि वहन गरेका छौँ।

» यस सँगसँगै फुरफुरा शरीफको विकासका विभिन्न संस्कार अनि गाजी जफर खान दरगाहको सुन्दरीकरण गरिएको छ।

» बिरसा मुण्डाको जन्मजयन्ती, करम पूजा, अन्तरराष्ट्रिय आदिवासी दिवस, हुल दिवस, जंगलमहल महोत्सव, आदिवासी महोत्सव र जय जोहार आदिवासी मेला सबै राज्यको आदिवासी संस्कृतिको सम्मान गर्न मनाइन्छ। हामीले जाहेर थान र माझी थानको पुनर्निर्माणको लागि आर्थिक सहयोग पनि प्रदान गरेका छौँ।

» बाबुरहाटमा महावीर चिला रायको १५ फिट अग्लो कास्य मूर्ति निर्माण गरिएको छ। यसले राजवंशी समुदायको इतिहासलाई सम्मान गर्दछ र यस क्षेत्रको सांस्कृतिक सम्पदालाई अझ बलियो बनाउँछ।

आउँदा वर्षहरूमा गर्ने कामहरूको आश्वासन दिँदछु:

* भारतीय संविधानको आठौ अनुसूचीमा राजवंशी र कुड़माली भाषाहरू समावेश गर्ने प्रयास:

  हाम्रो सरकारले भारतीय संविधानको आठौँ अनुसूचीमा कुड़माली र राजवंशी भाषाहरू समावेश गर्न केन्द्र सरकारलाई औपचारिक प्रस्ताव पठाएको छ। यो प्रस्तावलाई प्रभावकारी बनाउन हामी केन्द्रसँग सम्पर्कमा छौँ। राजवंशी र कामतापुरी भाषाहरूलाई राष्ट्रियस्तरमा उनीहरूले पाउनुपर्ने सम्मान र मान्यता सुनिश्चित गर्न हामी आउँदा दिनहरूमा यो प्रयास जारी राख्नेछौँ।

* ठाकुर पञ्चानन वर्माको पुर्खाको घर, मन्दिर र उपनयन स्थलको पुनर्स्थापना र पुनर्विकास:

  ठाकुर पञ्चानन वर्माको धरोहरलाई सम्मान गर्न हामी उनको पुख्यौंली घर र कोचबिहारको खालिसामारीमा उनले स्थापना गरेको र पूजा गरेको मन्दिरको संरचनात्मक पुनर्स्थापना गर्नेछौँ। यसका साथै, राजगञ्जको माझी ग्राम पञ्चायतको चियारीखारीमा रहेको उनको स्वनामधन्य उपनयन स्थललाई पनि सुन्दर बनाइनेछ ताकि यो पवित्र स्थानले पाउनुपर्ने महिमा प्राप्त गरोस्।

* चलचित्र पुनर्स्थापना र संरक्षणको उद्देश्यका लागि ऋत्विक घटकको नाउँमा एउटा अत्याधुनिक चलचित्र अभिलेख केन्द्र स्थापना गरिनेछ:

  महान फिल्म निर्माता ऋत्विक घटकलाई श्रद्धाञ्जलि अर्पण गर्दै उनको सम्मानमा एउटा अत्याधुनिक सिनेमा अभिलेख र पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ। यो पहल बंगालको समृद्ध फिल्म सम्पदाको संरक्षण, नवीकरण र डिजिटलाइजेशन गर्ने उद्देश्यले गरिएको हो। केन्द्रमा मौलिक फिल्म रीलहरू, पटकथाहरू, पोस्टरहरू र विभिन्न फिल्म-सम्बन्धित इतिहासहरू राखिनेछन्। आधुनिक प्रविधिको सहयोगमा, सम्पूर्ण सिनेमाको मरम्मत-स्याहारको अतिरिक्त यसले फिल्म निर्माता, विद्यार्थी र अनुसन्धानकर्ताहरूका लागि खुला अभिलेख र अनुसन्धान केन्द्रको रूपमा पनि काम गर्नेछ।

* सबै भारतीय भाषाहरूमध्ये बंगला भाषाको पूर्वाधारलाई सबैभन्दा प्राविधिक रूपमा उन्नत बनाइने र प्रवर्द्धन गरिने:

  निम्न क्षेत्रहरूमा युवा पुस्ता, अनुसन्धानकर्ता, स्टार्टअप र संस्थाहरूलाई सहयोग गर्न एउटा विशेष कोष गठन गरिनेछ :

  * बंगला भाषामा उन्नत AI टुल अनिल एप्लिकेशन तयार गरिनेछ।
  * बंगालका विभिन्न क्षेत्रीय उपभाषाहरूका लागि सेन्सेटिभ स्पीच रिकग्निशन अनि टेक्स्ट-टु-स्पीच तयार गरिनेछ।
  * सही अनुवादका लागि क्रस-लिंगुअल मोडल तयार गरिनेछ।
  * विस्तृत बाङ्ला डिजिटल आर्काइभ, डेटासेट अनि ओपन सोर्स भाषा सम्पदा तयार गरिनेछ।

* बारुईपुरमा नयाँ 'सांस्कृतिक शहर' निर्माण गरिनेछ:

  बारुईपुरमा 'टेली एकाडेमी' स्थापना पछि त्यसको वरिपरि एउटा नयाँ सांस्कृतिक शहर निर्माण गरिनेछ, ताकि पश्चिम बंगालको फस्टाइरहेको टेलिभिजन उद्योगलाई थप विकास गर्ने अवसर मिलोस्।

❋ महत्त्वपूर्ण स्थानीय मेला र उत्सवहरूलाई पश्चिम बंगाल सरकारद्वारा “राज्य मेला”-को मर्यादा दिइने अनि सहयोग प्रदान गरिने :

पश्चिम बंगालका विभिन्न जिल्लाहरूका महत्त्वपूर्ण मेला र चाँड़-पर्वहरूलाई “राज्य मेला”-को दर्जा दिइनेछ। यिनीहरू हुन् - उत्तर २४ परगनाको बारूणी मेला, वीरभूमको केन्दुली मेला, अलिपुरद्वारको महाकाल शिवरात्री उत्सव, बाँकुड़ाको विष्णुपुर मेला, वीरभूमको बक्रेश्वर मेला, हुगलीको तारकेश्वर श्रावणी मेला, हावड़ाको रामोत्सव मेला, जलपाइगढ़ीको जल्पेश श्रावणी मेला, नादियाको बारोदोल मेला, मेदिनीपुरको उरस मेला, मुर्शिदाबादको खोदि खिजिर उत्सव, दक्षिण २४ परगनाको बन बीबी उत्सव र कोचबिहारको रास उत्सव। यस मर्यादाको फलस्वरूप यी मेलाहरूले उन्नत पूर्वाधार, सुरक्षा व्यवस्था र प्रवर्द्धनमा सरकारी सहयोग पाउनेछन्। यसमार्फत एकातिर सांस्कृतिक सम्पदा संरक्षित हुनेछ भने अर्कोतर्फ मेलासँगै रहेका क्षेलका कलाकार र स्थानीय मानिसहरूको जीविकोपार्जन पनि उन्नत हुनेछ।





२०. खेलकुद

मुख्य लक्ष्यहरू:

- दैनिक खेलकुदमा सहभागितालाई प्रोत्साहन गर्न शहरी र उपनगरीय क्षेत्रहरूमा आधुनिक खेलकुद पूर्वाधार विकास गरिनेछ, जसमा कम्युनिटी टर्फ, मल्टी स्पोर्ट्स एरिना र स्थानीय मैदानहरूको स्तरोन्नति समावेश छन्।

- डुमुरजलामा अत्याधुनिक सुविधाहरूसहितको खेलकुद शहर र एकीकृत खेलकुद चिकित्सा केन्द्र स्थापना गरिनेछ, जसले उच्च गुणस्तरका खेलाड़ीहरू विकास गर्ने बंगालको क्षमतालाई अझ बलियो बनाउनेछ।

हाम्रो सफलता

» खेलाश्री परियोजनाअन्तर्गत ३८,४२५ क्लबहरूलाई पहिलो वर्षमा २ लाख रुपियाँ र अर्को तीन वर्षसम्म प्रतिवर्ष १ लाख रुपियाँ अनुदान दिइएको छ। साथै, एथलेटिक्स बोर्ड (BOA) मा अनुबन्धित भएका ३४ वटा स्टेट लेबल एसोसिएशन-हरूलाई क्लबहरूलाई ५ लाख रुपियाँ गरेर अनुदान दिइएको छ र १,३२१ प्रशिक्षण शिविरहरूलाई १ लाख रुपियाँ गरेर प्रदान गरिएको छ। यसका साथै राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा पश्चिम बंगालको प्रतिनिधित्व गर्ने अवकाशप्राप्त १,५८० खेलाड़ीहरूलाई २०२३ सालदेखि मासिक १,००० रुपियाँ भत्ता प्रदान गर्ने व्यवस्था पनि शुरू गरिएको छ।

» फुटबल, पौड़ी धनुर्विद्या, राइफल शूटिङ, ब्याडमिण्टन, टेनिस, टेबल टेनिस आदि खेलका लागि राज्यभरि ८ वटा स्पोर्ट्स एकाडेमीहरू स्थापना गरिएका छन्।

» राज्यमा ७४ वटा रंगशाला र ४४ वटा युवा छात्रावास स्थापना गरिएका छन् र तिनीहरूको नियमित मरम्मत-स्याहार सुनिश्चित गरिएको छ।

» उल्लेखनीय हिमाल चुचुराहरू आरोहण गर्ने पर्वतारोहीहरूलाई सम्मान गर्न तेञ्जिङ नोर्गे-राधानाथ सिकदर अवार्ड अनि छन्दा गायन वीरता पुरस्कार शुरू गरिएको छ।

» राज्य सरकारले पहिलो पटक पूर्ण सरकारी सहयोगमा खेल विश्वविद्यालय स्थापना प्रक्रिया शुरू गरेको छ।

» इस्ट बंगाल FC, मोहन बागान FC तथा मोहम्मडन FC का पूर्वाधार विकासका लागि २७ करोड़ रुपियाँभन्दा बढ़ी सहयोग प्रदान गरिएको छ र तिनीहरूलाई 'बंग विभूषण' सम्मान पनि दिइएको छ।

आउँदा वर्षहरुमा गर्ने कामहरुको आश्वासन दिंदछु:

❋ शहरी तथा उपनगरीय क्षेत्रमा खेलकुद पूर्वाधारको विकास :

राज्यमा खेलकुद संस्कृतिलाई अझ बढ़ाउन शहर र उपनगरहरूमा खेलकुद पूर्वाधारलाई थप विस्तार गरिनेछ। यसका लागि सुलभ मूल्यमा व्यवहारयोग्य कम्युनिटी टर्फ, साना मल्टी स्पोर्ट्स एरिनाहरू निर्माण र दैनिक खेलकुद र प्रशिक्षणको लागि सुरक्षित, राम्रोसँग उज्यालो र पहुँचयोग्य ठाउँहरू सुनिश्चित गर्न स्थानीय मैदानहरूको स्तरोन्नति समावेश हुनेछ।

❋ राज्यमा वार्षिक राज्यव्यापी खेलकुद प्रतिभा खोजी कार्यक्रम आयोजना गरिनेछ:

बंगालका युवाहरूले खेलकुदप्रतिको आफ्नो प्रेमलाई अझ राम्रोसँग विकास गरून् भनेर राज्यव्यापी प्रतियोगिता आयोजन गरिनेछ। यसको माध्यमले सम्भावना भएका युवा खेलाड़ीहरूको पहिचान गरी उनीहरूको प्रतिभा विकास गरिनेछ अनि युवा समाजलाई खेलकुदमा योगदान दिन प्रोत्साहित गरिनेछ।

❋ जिम्नास्टिक, योग, बक्सिङ, भलिबल, बास्केटबल, एथलेटिक्स अनि अन्य नयाँ प्रकारका खेलकुदहरूका लागि नयाँ खेलकुद अकादमी गठन गरिनेछ:

सबै प्रकारका परम्परागत र नयाँ खेलहरूमा युवा प्रतिभाहरूलाई विश्वस्तरीय कोचिङ र उन्नत सुविधाहरू मार्फत व्यावसायिक

प्रशिक्षण पहिचान, विकास र प्रदान गर्न राज्यमा १० वटा नयाँ खेलकुद विश्वविद्यालयहरू स्थापना गरिनेछ।

* डुमुरजलामा नयाँ खेलकुद शहर स्थापना गरिने:

खेलकुद र खेलाड़ीहरूलाई उचित सम्मान प्रदान गर्न हामी डुमुरजलामा खेलकुद शहरहरू निर्माण गर्दैछौँ। यी शहरमा आधुनिक पूर्वाधार र खेलकुद चिकित्सा केन्द्र हुनेछन्।

* राज्यका खेलकुद क्लबहरू-को समग्र सुधारका लागि सहयोग बढ़ाइने:

राज्यका खेलकुद क्लबहरूको धरोहरलाई अगाड़ि बढ़ाउनलाई च्याम्पियनहरूको अर्को पुस्तालाई अझ कुशल बनाउन दीर्घकालीन आर्थिक र पूर्वाधार सहयोग प्रदान गरिनेछ।

* देशको पहिलो समन्वित खेलकुद चिकित्सा केन्द्र स्थापना गरिने:

देशको पहिलो समन्वित खेल चिकित्सा केन्द्र स्थापना गरिनेछ, जसले SSKM अस्पतालमा रहेको खेल चिकित्सा केन्द्रको विस्तारको रूपमा काम गर्नेछ। यसले कुनै पनि चोट-पटकको उपचार, अन्य उन्नत उपचार, पुनर्वास, खेल विज्ञान, पोषण र मानसिक स्वास्थ्य, सबै एउटै छानामुनि प्रदान गर्नेछ। यो केन्द्रले विभिन्न विषयका खेलाड़ीहरूलाई सहयोग गर्नेछ अनि बंगाललाई उच्च प्रदर्शन खेलकुद र खेलाड़ीहरूको कल्याणका लागि राष्ट्रिय केन्द्रको रूपमा स्थापित गर्नेछ।

* सिलगढ़ीको कञ्चनजंघा रंगशालालाई अन्तरराष्ट्रिय मापदण्डमा स्तरोन्नति गरिनेछ:

सिलगढ़ीको कञ्चनजंघा रंगशालालाई अन्तरराष्ट्रिय मापदण्डमा स्तरोन्नति गरिनेछ, जसले गर्दा यसलाई आधुनिक, विश्वस्तरीय खेलकुद स्थलमा परिणत गरिनेछ। स्तरोन्नतिमा खेल मैदानको स्तरमा सुधार, दर्शक सुविधाहरूको विस्तार, प्रकाश र प्रसारण पूर्वाधारमा सुधार अनि खेलाड़ीहरूका लागि सुविधाहरूलाई अन्तरराष्ट्रिय मापदण्डमा समावेश गरिनेछ। यसले सिलगढ़ीलाई उच्चस्तरीय राष्ट्रिय र अन्तररिष्ट्रिय खेलहरू आयोजना गर्न, स्थानीय प्रतिभा विकास गर्न र उत्तर बंगाललाई राज्यको खेलकुद भविष्यका लागि एउटा महत्त्वपूर्ण केन्द्रको रूपमा स्थापित गर्न सक्षम बनाउनेछ।

* बंगालको प्रत्येक ग्राम पञ्चायतमा ग्रामीण ओलम्पिक आयोजना गरिनेछ:

साँचो खेलकुद प्रतिभा कुनै पनि अवसरबाट वञ्चित नहोस् भन्ने कुरा सुनिश्चित गर्न सरकारले प्रत्येक ४ वर्षमा राज्यको प्रत्येक गाउँमा ग्रामीण ओलम्पिक आयोजना गर्नेछ। यसमा एथलेटिक्स, फूटबल, भलिबल, कबड्डी, स्थानीय खेलकुद र नयाँ खेलकुदहरूका प्रतिस्पर्धाहरू समावेश हुनेछन्, जसमा उमेर र लिङ्ग-तटस्थ विभाजन, व्यावसायिक रेफ्री, प्रतिभा पहिचान प्रक्रिया र विजेताहरूलाई ब्लक, जिल्ला र राज्यस्तरीय च्याम्पियनशिपमा सहभागी गराउने मार्ग प्रशस्त हुनेछ।

* बंगालमा अन्तरराष्ट्रिय खेलकुद कार्यक्रमहरू आयोजना गर्ने प्रयासहरू:

खेलकुदमा बंगालको समृद्ध सम्पदाको सम्मान गर्दै हामी अत्याधुनिक खेलकुद पूर्वाधार विकास गर्नेछौँ ताकि बंगालले भारतमा सबै प्रमुख अन्तरराष्ट्रिय खेलकुद कार्यक्रमहरू आयोजना गर्ने प्राथमिकता प्राप्त गरोस्। राष्ट्रिय संस्थाहरूसँग नजीकको समन्वय, रणनीतिक डाक र शक्तिशाली प्रशासन र राम्रो पूर्वाधार व्यवस्थामार्फत तयारीलाई अगाड़ि बढ़ाएर बंगालले विश्वस्तरीय खेलकुद प्रतियोगिताहरूका लागि मनपर्ने र उपयुक्त आयोजकको रूपमा आफ्नो स्थान सुनिश्चित गर्नेछ।





२१. पर्यावरण

मुख्य उद्देश्य:

- गंगा भूक्षय रोक्न र प्रभावित समुदायको जीवन र जीविका रक्षा गर्न मालदा र मुर्शिदाबादका लागि रिभर ब्याण्ड प्रोटेक्शन मास्टरप्लान लागू गरिनेछ।

- बंगालको संवेदनशील पारिस्थितिक प्रणाली र लोपोन्मुख प्रजातिहरूको संरक्षण गर्न सिमसार क्षेत्रको पुनर्स्थापना र जैविक विविधता जीन ब्यांक स्थापनामार्फत वातावरणीय संरक्षणलाई पनि सुदृढ़ गरिनेछ।

हाम्रो सफलता

» पछिल्लो १५ वर्षमा पश्चिम बंगालको वन क्षेत्र २,६८८ वर्ग किलोमिटर (१८.९१%) बढ़ेको छ। यो १४,२१४ वर्ग किलोमिटरबाट बढ़ेर १६,९०२ वर्ग किलोमिटर पुगेको छ।

» राज्य विकास कार्यक्रम (राज्य योजना) अनुसार १.४ लाख हेक्टर जमीन वन्यकरण गरिएको छ।

» दक्षिण २४ परगना र पूर्वी मिदनापुरका तटीय क्षेत्रहरूमा १५ करोड़भन्दा बढ़ी म्यानग्रोभका बिरुवाहरू रोपिएका छन्।

» "जल धरो जल भरो" कार्यक्रमअन्तर्गत, पश्चिम बंगालमा ५ लाख जलाशय, पानी धारणको पूर्वाधार र वर्षाको पानी संकलनको पूर्वाधार निर्माण वा मरम्मत गरिएको छ।

आउँदा वर्षहरूमा गर्ने कामहरूको आश्वासन दिँदछु:

* मालदा र मुर्शिदाबाद नदी किनार संरक्षण गुरुयोजना:
गंगा नदी किनारको निरन्तर भूक्षय रोक्न र मुर्शिदाबाद र मालदाका जनताको जीवन, जीविका र वासस्थानको सुरक्षा गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय नदी व्यवस्थापन विज्ञहरूसँग परामर्श गरी एउटा व्यापक, दीर्घकालीन गुरुयोजना तर्जुमा गरिनेछ। योजनामा उन्नत हाइड्रोलोजिकल मोडेलिङ, वैज्ञानिक नदी प्रशिक्षण कार्यसूची, बाँध सुदृढ़ीकरण, जियो टेक्सटाइल सुदृढ़ीकरण, आवश्यक परेमा स्थायी ब्रेजिङ, र वातावरणमैत्री समाधानहरूको माध्यमले दुर्बल वा क्षतिग्रस्त भागहरूलाई बलियो पारिनेछ। यसमा प्रारम्भिक चेताउनी प्रणाली, सामुदायिक पुनर्वास पूर्वाधार र वातावरणीय चुनौतीहरूको सामना गर्ने योजनाहरू पनि समावेश हुनेछन्, जसले अस्थायी राहतको सट्टा स्थायी समाधान प्रदान गर्नेछ। यस संरक्षणले कृषि भूमि, महत्वपूर्ण पूर्वाधार र नदी किनारका समुदायहरूका आउने अनेक पुस्ताहरूलाई सुरक्षित राख्ने कुरा सुनिश्चित गर्नेछ।

* सिमसार पुनर्स्थापना:
पूर्व र पश्चिम कलकत्ताको सिमसार क्षेत्रले एउटा महत्त्वपूर्ण पारिस्थितिक हटस्पट तयार गर्दछ। यी क्षेत्रहरूको सुरक्षा गर्न सरकारले सिमसार क्षेत्रहरूको पूर्ण सर्वेक्षण गर्नेछ, फिडर स्ट्रिमहरू पुनर्स्थापित गर्नेछ र प्रशोधित फोहोर फाल्नबाट रोक्नेछ।

* जैविक विविधता जीन ब्यांक स्थापना:
पश्चिम बंगालमा पहिलोपटक सरकारी अनुदानप्राप्त एउटा जीन ब्यांक स्थापना गरिनेछ, जसले वनस्पति र जनावरहरूको जैविक अभिलेख संरक्षण गर्नेछ। यो ब्यांक अन्तरराष्ट्रिय संरक्षण विज्ञहरूसँग परामर्श गरेर स्थापना गरिनेछ र द्रुत वातावरणीय परिवर्तनको सामना गर्दै बंगालको विविधता संरक्षण गर्ने उद्देश्यले सञ्चालन हुनेछ।

* म्यानग्रोभ संरक्षण केन्द्र स्थापना:
एउटा केन्द्रिय म्यानग्रोभ संरक्षण केन्द्र स्थापना गरिनेछ, जसले २४x७ केन्द्रीकृत निगरानी र द्रुत प्रतिक्रिया सुनिश्चित गर्दछ अनि साप्ताहिक उपग्रह-आधारित परिवर्तनहरूको निगरानी गर्नेछ। चक्रवात र ज्वारभाटा-प्रेरित बाँध भत्किने प्रारम्भिक चेताउनी प्रणाली हुनेछ। यसका साथै वन कर्मचारीहरूको तैनाथी र ग्राउण्ड लेभल कार्यक्रमहरू सञ्चालनका लागि रियल टाइम ड्यासबोर्ड प्रयोग गरिनेछ।

* औद्योगिक क्षेत्रहरूका लागि निर्दिष्ट कार्बन उत्सर्जन नियन्त्रण नीति चालु गरिने:
वातावरणमैत्री औद्योगिक अभ्यासहरूलाई प्रोत्साहन गर्न र जलवायु परिवर्तनको प्रभाव नियन्त्रण गर्न यो नीति चालु गरिनेछ।

धन्यवाद

गत १५ वर्षदेखि हामीले बंगालका जनतालाई दिएका प्रत्येक प्रतिबद्धता पूरा गरेका छौँ। हाम्रो घोषणापत्र केवल चुनाउको आकर्षण मात्र होइन, बरु जनताप्रति हाम्रो वास्तविक प्रतिबद्धताको प्रतीक हो। हामी सबै मिलेर ऐतिहासिक परिवर्तन ल्याएका छौँ, जसले हामीलाई भविष्यको यात्रा अझ सुन्दर र उदाहरणीय हुनेछ भन्ने आत्मविश्वास दिएको छ।

भविष्यतर्फ अगाड़ि बढ्दै गर्दा हाम्रो लक्ष्य उस्तै छ— सहानुभूति, ईमानदारी र साहसका साथ काम गर्ने। बंगालको गरिमा, विविधता र शान्तिलाई कायम राख्दै प्रत्येक घरसम्म प्रगति पुऱ्याउनु नै हाम्रो जीवनको उद्देश्य हो। साथै, समाजलाई संकुचित विभाजनमा बाड्ने राजनीतिलाई हामी दृढ़ रूपमा विरोध गर्नेछौँ। बंगाल सधैँ सद्भावनाको आदर्शमा विश्वास गर्ने भूमि हो। त्यसैले डर, विभाजन वा द्वेषको राजनीतिबाट हाम्रो राज्यको संस्कृति, परम्परा र सामाजिक एकतालाई कमजोर पार्न हामी कसैलाई पनि अनुमति दिने छैनौँ।

यो घोषणापत्र नयाँ प्रतिबद्धताको पुनःप्रस्तुति हो— जनताको आवाज सुन्ने, काम गर्ने र बंगालको सद्भावनापूर्ण संस्कृतिको संरक्षण गर्ने। यससँगै हामी एउटा सशक्त, न्यायपूर्ण र भविष्यका लागि तयार राज्य निर्माण गर्ने कार्यलाई निरन्तर अगाड़ि बढ़ाउनेछौँ।

बंगालको शान्ति, एकता र विकासका लागि सर्वभारतीय तृणमूल कांग्रेसका उम्मेदवारहरूलाई मत दिनुहोस्।

तपाईंहरूको अटुट विश्वास र एकजुट भएर लड्ने भावना नै हाम्रो मार्गदर्शक हो। हामी तपाईंहरूलाई आगामी १८औँ विधानसभा निर्वाचनमा सर्वभारतीय तृणमूल कांग्रेसको साथ दिन र राज्यभरि हाम्रा उम्मेदवारहरूलाई समर्थन गर्न हार्दिक अपिल गर्दछौँ। उज्ज्वल भविष्यको आशासहित, हामी तपाईंहरूलाई हार्दिक शुभकामना तथा बंगाली नयाँ वर्षको अग्रिम बधाई तथा नमस्कार व्यक्त गर्दछौँ।

जय हिन्द! जय बंगाल! जय माँ-माटी-मानुष!

प्रस्तुति:

सर्वभारतीय तृणमूल कांग्रेस





Connect with us

AITCofficial

AITCofficial

aitcofficial

www.aitcofficial.org

बङ्गालको सम्पदा र गौरवको रक्षा गर्नुहोस्
टीएमसी प्रतीकको लागि आफ्नो मत दिनुहोस्

अखिल भारतीय तृणमूल कांग्रेस

अखिल भारतीय तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जी र पश्चिम बंगाल तृणमूल कांग्रेसका अध्यक्ष सुब्रत बक्शी द्वारा प्रकाशित
एडीओ प्रिन्ट, कोलकाता द्वारा मुद्रित - 700135, Qty.: 25

